नेपालको पहिलो बौद्ध मासिक

आनन्द भूमि



बु.सं. २५३९
वर्ष - २३
अंक - ४

ने. सं ११११५
वि.सं. २०५२
ई.सं. १९९५

एक प्रतिको - ६/-
बार्षिक - ६०/-
आजीवन - १०००/-

२०५२ श्रावन ६ गते धर्मोदय सभाको साधारण सभाको एक झलक

बनेपा ध्यानकुटी विहारमा आषाढ २४ गते देखि आषाढ ३१ गते सम्म भएको सातौं बौद्ध जागरण शिविरको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि माननीय श्रम तथा स्वास्थ्य मन्त्री पद्मरत्न तुलाधर सम्बोधन गर्नु हुदै ।

आनन्द भूमि

(नेपाली भाषा)

प्रधान संपादक
भिक्षु कुमार काश्यप फोन २७१४२०

व्यवस्थापक
भिक्षु अनिरूद्ध फोन २७१४२०

वितरण व्यवस्था
भिक्षु प्रज्ञामूर्ति
फोन २७१४२०
संपादक
सुवर्ण शाक्य २१६८५५
बुटुकृष्ण शर्मा फोन २७००६५/२७८८२६
अष्ट मुनि गुभाजु २३१२२२

सह-व्यवस्थापक
तीर्थनारायण मानन्धर
२७०३८९/२२१०७१

व्यवस्थापन सहयोगी
त्रिरत्न मानन्धर २१११८५
मदन बहादुर तुलाधर, सुरेश महर्जन

विज्ञापन व्यवस्था
संघरत्न शाक्य

कला समायोजन
स्वयम्भूरत्न वज्राचार्य

प्रधान कार्यालय : आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं, पो. ब. नं ३००७, फोन २७१४२०
नगर कार्यालय : धर्मचक्र विहार, बागबजार (साँझ ५ देखि ७ बजेसम्म)
कम्प्यूटर टाइप सेटिङ्ग : कम्पास, बागबजार, पी.के. कलेज अगाडी ✆ : २१४८७३
मुद्रक : लालीगुरांस प्रि. प्रेस, ✆ :४२०८३१

वर्ष २३ अंक ४ बु.सं. २५३९ श्रावण पूर्णिमा

बुद्ध वचन

मनो पुब्बंगमा धम्मा मनो सेट्ठा मनोमया
मनसा चे पदुट्ठेन भासति वा करोति वा
ततो नं क्खमन्वेति चक्कं व वहतो पदं

" जुनसुकै काम गर्दा पनि मन नै अगाडि पुगेको हुन्छ । त्यसैले मन नै मुख्य हो । मनद्वारा नै सबै काम भइरहेको हो मन पापी भयो भने कुरा गर्दा वा काम गर्दा गाडा तानिरहेको गोरूको पछिपछि चक्का आइलागे झै त्यस्ताको पछिपछि दुःख आइपर्छ । "

(श्रावस्तीमा चक्खुपाल भन्ने एक धनी व्यक्ति थिए । एक दिन उनी पनि भगवान् बुद्ध कहाँ गइरहेका मानिसहरूको पछि पछि लागे त्यहाँ भगवान्ले गर्नुभएको धर्मदेशना सुनी यिनलाई पनि अर्हत हुने इच्छा भयो । भगवान्को अनुमतिले भिक्षु बने पछि सुत्दैन सुती विपस्सना ध्यान गरे । न निदाई यो ध्यान गर्दा यिसको आँखा दुख्यो । वैद्यले उसलाई लेटेर औषधी लगाउन भन्यो । कहिल्यै नसुतेकाले त्यही बसेरै औषधी लगाए पनि निको भएन र अन्धा नै भए । यिनले चँक्रमण गर्दा धेरै प्रकारका कीट पतंग कुल्चेर मरे । यो देखेर अरूहरूले यिनलाई भिक्षु भएर कीरा मारी पाप गर्ने अभियोग लगाए । यो कुरा बुद्ध कहाँ पुग्यो । बुद्धले भन्नु भयो "चक्खुपाल अन्धा छ र उनले मार्छ नै भनी कीराहरू मारेका होइनन् । कुनै पनि कुरा मनैदेखि नगरून्जेल त्यसलाई दोष लाग्ने छैन । पाप मन लिई कार्य गरेको गए मात्र त्यसलाई दोष लाग्छ र उसको पछि पछि पाप आउँछ । यसमा उसको कुनै दोष छैन " यही कुरालाई संम्झाउन भगवान् बुद्धले उक्त गाथा भन्नु भएको हो ।)

ीय

वज्रयानी अनीश्वरवाद

नेपालमा बुद्धधर्मको परंपरा धेरै पुरानो छ । भगवान् बुद्धले बताएका उपदेशहरूलाई व्याख्या गर्दै बुद्धधर्मको नामबाट विभिन्न निकाय उद्भव भई नामकरण भएको महायान र वज्रयान सम्प्रदाय नेपालमा परंपरागत बुद्धधर्मको रूपमा मानिदै आएको छ । बुद्धधर्मप्रति आइपरेका आघात प्रहारहरूबाट बचेर आजसम्म बुद्ध धर्मको हिसाबले बौद्ध कहलाइरहन सक्नुमा नेपालका बज्राचार्यहरूको ठूलो प्रयत्न रहेको छ । बज्राचार्यहरू चुडाकर्मपछि आचार्यभिषेक प्राप्त गरी गुरूको रूपमा रही सबैलाई धर्मको शिक्षा दिने वर्ग रहेको छ । कर्मकाण्ड विधिद्वारा पुरोहित आचार्यको स्थानमा रही संस्कारहरू अपनाउन लगाई नेपालको अन्य धर्म सरह अग्रसर हुने । बज्राचार्यहरू बुद्धधर्मको संरक्षक मध्य कै हुन् भन्नुमा हिच्किचाउनु पर्ने कुरा देखिँदैन ।

बज्राचार्यद्वारा गराइने षोरश संस्कार विधिहरूको प्रक्रिया र चलनले गर्दा बुद्धधर्मलाई हिन्दूधर्मको नक्कल भनेर पनि कोही कोही भन्दछन् । हुनपनि हिंसाबलि र जातिबाद जस्ता मानवधर्म विपरीत आचरणको प्रचार प्रसार भए झैं पूजाविधि र व्यवहार समाजमा देखिंदा बुद्धका उपदेशलाई धर्म भनी मान्ने उपासक उपासिकाहरूको मनमा बज्राचार्यद्वारा पालन गराइएको धर्म बुद्धधर्म नै होइन कि जस्तो भान हुनु स्वाभाविक हुन आउँछ ।

गत आषाढ महिनामा "बुद्धमाया स्मृति पुरस्कार" वितरण समारोहमा बज्राचार्य हरुमा प्रख्यात पं. बद्रीरत्न बज्राचार्यले समारोहको सभापतिको आसनबाट बुद्धधर्म अनुकूल उद्गार व्यक्त गरे अनुसार विचार गर्ने हो भने भगवान् बुद्धको सिद्धान्त अनुकूल रहेको ज्ञात हुन्छ । यसले गर्दा वज्रयानप्रति धेरैको श्रद्धा बढ्ने वातावरण आएको छ । उक्त बज्राचार्यको उद्गार थियो "बज्रयानीहरू अनात्मबादी र अनीश्वरबादी हुन्" बज्रयानविधि सबै यसैको आधारमा चलेका छन् । यस सिलसिलामा बहाँले आफ्नो विचार व्यक्त गर्दै भन्नु भयो - "म जातपात मान्दिन तर शीरमा टुपी राखेको मलाई निको लाग्दैन । यदि कसैले टुपी फाल्न चाहन्छ भने म विधिपूर्वक चूडाकर्म गराइदिन्छु साथै अछुत जाति नै भए पनि सैयौंको जमात भई आएका तिनीहरूलाई टुपी फाल्ने चूडाकर्म गराई म उनीहरूको हातबाट भात पनि खान्छु , यसमा मेरो बार रहनेछैन ।"

प. बद्रीरत्न बज्राचार्य आजका एक क्रान्तिकारी बज्राचार्य हुनुहुन्छ । वहाँको पूजाविधिमा हिंसाकर्म गराईदैन र वहाँ आफै पनि सुरापान गर्नुहुन्न । बज्राचार्य परमपराद्वारा जानमानसमा बुद्धधर्मको सार व्याप्त गरी लोकमा चलिआएको कर्मकाण्डलाई सुदृढ र दिगो राख्न आफै अग्रसर भई कर्मकाण्डको स्कूल नै खोली शिक्षणमा लाग्नुभएको छ । वहाँका प्रयासहरू अहिले स्पष्टरूपमा सराहनीय देखिएका छन् । अहिलेको बुद्धधर्मको क्षेत्रमा वहाँ धन्यवादका पात्र हुनुहुन्छ । वहाँका प्रयासहरूमा सबैले टेवा दिनु सकल बौद्धको कर्तव्य हुनेछ । बुद्ध धर्म भनेको कुनै देउता नभई भगवान् बुद्धको उपदेश नै हो भन्ने कुरा बज्रयानमा स्पष्ट उल्लेख छ । वज्रयानीहरूले प्रार्थना गर्ने एउटा श्लोकमा धेरै प्रकारका बुद्धहरू, भगवान् बुद्ध (जिन) ले बताएका उपदेशरूपी धर्म र शील आचरणरूपी संघ सहितका त्रिरत्नलाई नमस्कार गर्छु भनी बताइएको छ ।

सर्व बुद्धं नमस्यामि धर्म च जिनभाषितम् ।
संघ च शीलसंपघं रत्नन्नयं नमोस्तु ते ॥

जस्तो बोल्यो उस्तै गर्ने सबै प्रति आनन्द भूमि सदा सराहना गर्दछ ।

मानवतामा बुद्ध धर्म

- नानी शोभा महर्जन, मुसुमबहाल ब्रह्मटोल

"मेरो शरण आउ, म तिमीलाई पार लगाइदिन्छु" भगवान बुद्धले कहिल्यै भन्नु भएन । वरू वहाँ भन्नु हुन्थ्यो आफ्नो उन्नतिको लागि स्वयम् आफैले साधना गर, केवल म त बाटो मात्र देखाई दिन्छु ।

जबसम्म हाम्रो मन स्वच्छ र संयमित हुदैन तब सम्म कुनै बाट पनि सही अर्थमा धर्मको परिपालन हुदैन । भगवान बुद्ध भन्नु हुन्छ मनको धर्म हो, - जुनसुकै कार्यमा पनि अगुवा हुनु । मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसैले स्वच्छ मन भयो भने मानिसको पछि छायाँ आए जस्तै सुख पछि पछि लागेर आउँछ ।

मानिस एक सामाजिक प्राणी हो जन्मे देखि मृत्यु पर्यन्त उसलाई समाजको आवश्यकता पर्दछ । त्यसैले स्वभावत: उ समाजबाट अलग्ग भएर रहन सक्तैन, चाहदैन पनि । व्यक्तिबाट समाज बन्ने भएकोले प्रत्येक व्यक्ति नैतिकवान चरित्रवान भएर धर्मको सही परिपालन हुनु जरूरी छ ।

प्रत्येक मनुष्य आफ्नो कर्तव्यलाई नर्विसिकन आफ्नो मात्र क्षणिक स्वार्थसिद्ध तिर नलागी अप्रमादी (होसियार) हुनु परेको छ । रीस, रोग, द्वेष जस्ता कलुषित भावना हटाई त्यसको सट्टामा सेवा, परोपकार, दया, सहनशीलता आदि गुणहरूको विकास गर्न् पदर्छ । बुद्ध धर्मले मनुष्यमा यी गुणहरू विकास गर्न यथेष्ट मद्त पुऱ्याउँछ ।

भगवान बुद्ध एक महामानव हुनुहुन्छ । वहाँले अनैकौं दु:ख कष्ट सहेर त्याग तपस्या गरीकन बुद्धत्व प्राप्त गर्नुभयो । तर यतिकैमा वहाँ सन्तुष्ट हुनु भएन । वहाँले संसारका विषय वस्तुमा भुलिरहेका मानिसहरूलाई दु:खबाट मुक्त हुने बाटो देखाउन विभिन्न ठाउँमा चाहार्दै आफ्नो उपदेशहरू सुनाउदै हिड्नु हुन्थ्यो । करूणा समापति ध्यानमा बसेर आज म कसलाई उद्धार गरूँ भनी विचार गर्नु हुन्थ्यो ।

संसार दु:खमय छ । यस दु:खमय संसारबाट मानवलाई मुक्ति दिलाउन धर्मचक्र प्रवर्तन गर्नु भयो । मानवलाई दु:खबाट मुक्त हुन मध्यम मार्ग बताइदिनु भयो । भगवान बुद्धले बताइदिनु भएको यस मध्यम मार्ग अन्तर्गत आठवटा मार्गहरू छन् :-

१.	ठीक दृष्टि	२.	ठीक संकल्प
३.	ठीक बचन	४.	ठीक कर्म
५.	ठीक जीविका	६.	ठीक प्रयत्न
७.	ठीक स्मृति	८.	ठीक समाधी

यी नै मध्यम मार्गको अबलम्वनबाट मानव आफ्नो जीवनलाई सार्थक तुल्याउन सक्दछ । जन्म र मरणको भवचक्रबाट मुक्त हुने प्रयासमा जुट्न सक्दछ ।

भगवान् बुद्धको यही उपदेशलाई हृदयंगम गरी हामी सबैले बुद्ध धर्मको विषयमा गहन चिन्तन मनन गर्दै यसको सम्वर्द्धनमा केही अंशमा भएपनि सहयोगी बन्न सक्नु पर्दछ । यसैमा जीवनको सार लुकेको छ ।

"सब्ब दानं धम्म दानं जिनाती" सबै दानं मध्ये धर्मदान ठूलो हो, यही वाक्यलाइए हृदयगम गरी आफैमा मात्र सीमित नराखी अरूलाई पनि सिकाऔ अरू धेरैलाई सिकाउन नसके पनि परिवारका सदस्यहरूलाई मात्र सिकाएर पनि हामी शान्ति प्राप्त गर्न सक्छौ ।

विपश्यना के हो ?

- सत्यनारायण गोयन्का

विपश्यना कुनै जादू होइन जो हाम्रो टाउकोमाथि बसेर बोल्न शुरू गरोस्, विपश्यना कुनै सम्मोहिनीविद्या होइन जसबारे हामी कसैबाट सम्मोहित भएर आफ्नो होश-हवास हराएर बसौं । विपश्यना कुनै मन्त्रविद्या होइन जसले हामीलाई सर्प-बिच्छी अथवा भूतप्रेतलाई झैं मन्त्रमा बाँधेर राख्न सकोस् । विपश्यना कुनै अन्धभक्ति वा अन्धभावावेश होइन जसको भावोन्मादमा हामी उन्मादित भएर रहन सकौं । विपश्यना कुनै भजन, कीर्तन, सङ्गीत या नाच होइन जसमा हामी आत्म-विभोर भएर त्यसैमा लीन भएर रहन सकौं । विपश्यना कुनै ऋद्धि वा चमत्कार होइन जसको अलौकिकताबाट चमत्कृत भएर हामी आश्चर्यान्वित बनेर बसिरहन सकौं । विपश्यना शब्द इन्द्रजालको कुनै मायावी रूप होइन जो कसैको वाणी-विकासको रणभूल्लमा परेर आफ्नो बुद्धि-विलास गरिरहन सकौं । विपश्यना कुनै दार्शनिक उतार-चढाव होइन जसको सहारामा आफ्नो दिमागी कसरत गरिरहनमा आफैले आफूलाई हल्ला-खोर बनाउन सकौं । विपश्यना तत्त्वचिन्तनको कुनै अखडा होइन जहाँ वाद-विवाद, तर्क-वितर्कमा शब्दजाल ओछ्याएर बौद्धिक खेल खेल्नमा आ-आफ्नो वस्तादी देखाउन सकियोस् । विपश्यना कुनै विशिष्ट वेश-भूषा होइन जसलाई पहिरिएर हामी धर्माधिकारीको गर्व गर्न सकौं । विपश्यना कुनै रूढी वा कर्मकाण्ड होइन जसलाई पूरा गरेर हामीले धर्मको नाममा आफैले आफूलाई छलिरहन सकौं । विपश्यना कुनै ग्रन्थ-पाठ होइन जसको पाठगरेर हामि वैतरणी तर्न सकिने सपना उनेर बस्न सकौं । विपश्यना कुनै अनुग्रह होइन जसको कारण कुनै दृश्य वा अदृश्य व्यक्तिप्रति अनुगृहीत भएर निश्चन्त हुन र अकर्मण्य बन्न सकौं । विपश्यना कुनै काल्पनिक तारक देव-ब्रम्हा अथवा कुनै दम्भी धर्माचार्यको झूटो आश्वासन होइन जुन हाम्रो लागि पानीमा डुबेका लागि त्यान्द्रोको सहारा बन्न सकोस् ।

त विपश्यना भनेको के हो ?

विपश्यना सत्यको उपासना हो । सत्यमा बाँच्ने अभ्यास हो । सत्य अर्थात यथार्थ । यथार्थ यही क्षणको हुन्छ । बितेको समयको सम्झना रहन्छ । भविष्यको कामना र कल्पनाहरू । वास्तविकता भोगिरहेको क्षणको हुन्छ । तसर्थ विपश्यना यही क्षणामा (भोगिरहेको) बाँच्ने अभ्यास हो । यस क्षण जसमा भूतको कुनै सम्झना वा भविष्यको कुनै कल्पना हुँदैन । ढाक्छोप (आवरण), माया, भ्रम-भ्रान्ति रहित यस क्षणको जुन सत्य जस्तो छ । त्यस्लाई ठीक त्यसरी नै, त्यसको सही स्वभावमा देख्नु-सम्झनु यही नै विपश्यना सम्यक् दर्शन हो । विपश्यना सम्यक् दर्शन हो । विपश्यना सम्यक् दर्शन हो ।

जो जस्तो छ, त्यसलाई ठीक त्यस्तै सम्झी देखी जुन आचरण गरिएला, त्यही सही, कल्याणकारी, सम्यक् आचरण हो । विपश्यना पलयनता होइन, जीवन-विमुखता पनि होइन, प्रत्युत जीवन अभिमुख भएर बाँच्ने शैली हो । विपश्यना खुल्ला हावा स्थूल धरतीमा पाइला चाल्ने कला हो । विपश्यना बुद्धि-किलोल होइन प्रत्युत शुद्ध धर्म-शीललाई जीवनमा उतार्ने विधि हो । आफू स्वयं सुखपूर्वक बाँच्न र अरूलाई पनि सुखपूर्वक बाँच दिने कल्याणकारी जीवनपद्धति हो । विपश्यना आत्म-मङ्गल हो, सम्पूर्ण-मङ्गल हो । विपश्यना आत्मोदय हो,सर्वोदय हो ।

विपश्यना आत्म-निर्भरता हो । वैशाखीको सहायता विना पनि स्वयं आफ्नै खुट्टामा उभिन सक्ने तुल्याउने विद्या हो । स्वावलम्बनको सर्वोत्कृष्ट साधन हो । विपश्यना आत्म-दर्शन, आत्म-निरीक्षण र आत्म-परीक्षण हो । आफूभित्रको खराबी कति निस्कियो ?

कति बाँकी छ ? कति दुर्गुण हट्यो ? कति हट्न बाँकी छ ? कति सद्गुण आयो ? कति आउन बाँकी छ ? आफ्नो लेखाजोखा आफूले नै राख्ने जागरूकता विपश्यना हो । स्वयं तस्कर, स्वयं रक्षक । स्वयं रोगी, स्वयं चिकित्सक । अज्ञानबाट ज्ञान, मैलबाट निर्मल, रोगबाट आरोग्य, दुःखबाट दुःखविमुक्तितर्फ अग्रसर रहिरहने स्वप्रयास विपश्यना हो । विपश्यना सही प्रयास हो । सही प्रयत्न हो । सम्यक् प्रयत्न हो । सम्यक् अभ्यास हो, सम्यक् व्यायाम हो ।

विपश्यना आत्म-संवर हो-आफ्नो मनमा मैला पर्न नदिने संवर । विपश्यना आत्मनिर्जरा हो-आफ्नो मनको पुराना मैलो कोट्याएर फ्याँक्ने निर्जरा । नयाँ मैलो अरू केही होइन हामी आफैले मोह-विमूढित भएर चढाइरहेका हुन्छौं । तसर्थ, हामी स्वयम् सतर्क रहेर जागरूकतापूर्वक प्रत्यनशील भएर नयाँ मैला चढ्न नदिनु नै विपश्यना हो । पुरानो मैला अरू कसैले होइन हामी आफैले प्रमादी भएर चढाइरहेका हुन्छौं । यी सम्पूर्ण मैलाहरूलाई फ्याँक्ने जिम्मेवारी पनि हाम्रो आफ्नै हो, अरू कसैको होइन । तसर्थ आफ्ना पुराना फोहरमैलाहरू उतारिरहनु विपश्यना हो । प्रयत्नशील भएर धैर्यपूर्वक अलि अलि भए पनि मैला पखाल्दै गर्ने हो भने एक दिन अवश्य पूर्ण, निर्मल र सफा हुनेछ । जब मन सफा र निर्मल रहनेछ तब सद्गुणहरूले भरिनेछ, दूषित र कलुषित मनको अधीनमा रहेका सारा शारीरिक रोग, दुःखहरू स्वतः टाढिदै जानेछन् । विपश्यना आरोग्य तुल्याउने सञ्जीवनी औषधि हो चित्त सफागर्ने धर्मगङ्गा हो, दुःख-निरोधगामिनी प्रतिपदा हो, मुक्तिदायिनी धर्मविधि हो ।

विपश्यना शील समाधिमा स्थित भएर अन्तर्प्रज्ञा जागृत गराउने पवित्र अभ्यास हो । त्यसरी नै प्रज्ञा विकासित गराउने सत्प्रयास पनि हो । स्थितप्रज्ञ हुनुको शुभ प्रयास हो । प्रज्ञा अर्थात् प्रत्येक प्रत्युत्पन्न स्थितिलाई विभिन्न तरिकाबाट थाहापाउनु र जान्नु । विमोहित एकान्त दृष्टिलाई त्यागेर सत्य-दर्शी भै अनेकान्त दृष्टिले वास्तविकताको सर्वाङ्गीण निरीक्षण गर्नु, तटस्थ भएर त्यसको सही स्वभाव साक्षात्कार गर्नु-यही नै विपश्यना हो । विपश्यना निसङ्ग दर्शन हो, निर्लिप्त निरीक्षण हो नितान्त अनासक्ति हो ।

अनुकूल अथवा प्रतिकूल परिस्थितिसँग जुझ्नासाथ त्यसको वास्तविक र सही अनुभूति बेगर नै हतार हतारमा अन्धप्रतिक्रिया व्यक्त गरिनु दृष्प्रज्ञता हो । यही नै मानसिक क्षोभ हो, उत्तेजना हो, विकृति हो, असन्तुलन हो, अशान्ति हो, त्यसैले यी सबै दुःख हुन्, तर यस्ता हर अवस्था र स्थितिलाई विवेकपूर्वक देखेर-सम्झेर आफ्नो मानसिक समता कायम राख्नु प्रज्ञा हो । आउने परिस्थितिसँग संतुलित चित्तले सामना गरिनु धर्माचरण हो । मङ्गल आचरण हो । यही विपश्यना हो । कुनै पनि उत्पन्न स्थितिको नियन्त्रण गर्ने वा हटाउने हठात् जमर्कोबाट बच्दै आफैले आफूलाई संतुलित राख्दै (विचलित हुन नदिई) सोच विचारपछि जो गर्न अनुकूल छ, शान्तिपूर्वक त्यही गर्नु यही नै सम्यक् जीवन-व्यवहार हो । यही नै विपश्यना हो । अरूलाई परिवर्तन गर्ने, गराउने प्रयासको पूर्व आफूलाई परिवर्तन गर्नु अर्थात् बदल्नु नै विशुद्ध चित्तको व्यवहार कौशल्य हो । यो विपश्यना हो । विपश्यना आत्म-संयम हो । आत्म सन्तुलन हो । आत्मसमता हो । आत्म-सामयिकता हो ।

विपश्यना आत्म-शुद्धि हो । आत्म-विमुक्ति हो । विकार विमुक्त र शुद्ध चित्तमा मैत्री र करुणाका अजस्र झरना अनायास झरिरहेका हुन्छन् । यही नै मानबजीवनको उत्कृष्ट उपलब्धि हो । यही नै विपश्यना-साधानाको उत्कृष्ट परिणति हो ।

विपश्यनाको सिद्धि प्राप्त गरिनु अवश्य कठिन छ तर असम्भव चाहिँ छैन । अवश्य पनि कष्टकर छ तर कष्ट हटाउन नसकिने होइन । विपश्यना स्व-प्रयत्न-साध्य हो । केवल एउटा वा एकाध विपश्यना-शिविरहरूमा भाग लिनु नै सबैथोक होइन । यो त जीवन भरिको अभ्यास हो । सता सजगताका साथ, सचेष्टताका साथ, प्रयत्नका साथ विपश्यनामयी जीवनलाई बचाइरहनु पर्नेछ ।

- अनु. विष्णु शाक्य

कालुदाई - एक चर्चा

- कृष्णकुमार प्रजापती, नगढेश

बुद्धकालीन प्रशिद्ध भिक्षुहरू मध्ये कालुदाई पनि एक हुन्। उहाँको जन्म सिद्धार्थ गौतमको जन्म भएकै दिन कपिलवस्तुमा भएको थियो। राजा शुद्धोदनका अमात्यका पुत्र हुनाका कारण बाल्यकाल पनि सिद्धार्थ संगै बितेको थियो। खेल्ने, बस्ने, पढ्ने इत्यादी जम्मैसंगै भएको थियो र यो क्रम सिद्धार्थको गृहत्यागको बेला सम्म चलेको थियो। राजा शुद्धोदनको आज्ञाबाट पछि गएर पिताको पद र प्रतिष्ठाअनुसार कालुदाईले अमात्य पद सम्हाल्नु भयो।

सिद्धार्थ गौतमले २९ बर्षको उमेरमा गृहत्याग गरेर कठोर परिश्रम तथा तपस्या पश्चात् ३५ बर्षको उमेरमा बुद्धत्व प्राप्त गर्नु भएको थियो। उक्त प्राप्त ज्ञानलाई प्रचार प्रसार गर्ने क्रममा तथागत् बुद्ध आफ्ना हजारौं भिक्षुहरूको साथ राजगृह भन्ने ठाउँमा विराजमान भैरहनुभएको थियो। उक्त खबर थाहा पाई राजा शुद्धोदन आफ्नो पुत्रलाई हेर्न लालायीत हुनु भयो। त्यस्तै सिद्धार्थ पुत्र राहुलकुमार र राजकुमारी यशोधरा पनि दर्शनका लागि उत्साहित भैरहेका थिए। कपिलवस्तुका प्रजागण पनि दर्शनका लागि उतिकै व्याकुल थिए। राजाबाट अरू बढी धैर्य गर्न सकेनन् र अमात्यलाई बोलाएर आज्ञा भयो - "केही प्रतिष्ठित मानिसहरू पठाएर सुगत बुद्धलाई आफ्नो पिता महाराजले हेर्न चाहिरहेको कुरा निवेदन गर्न लगाएर साथमा लिएर आउन भन्नु होला।"

राजाको आज्ञामुताविक आमात्य केही प्रतिष्ठित व्यक्तिहरूका साथ राजगृहका लागि प्रस्थान गरे। त्यतिबेला सुगत बुद्ध विराट धर्म परिषद्का बिचमा विराजीत भै धर्मोपदेश दिइरहनु भएको थियो। धर्मोपदेश सकेपछि मात्र राजाको सन्देश निवेदन गर्नु पर्ला भन्ने सोचेर अमात्य लगायत साथमा गएका प्रतिष्टित व्यक्तिहरू पनि धर्मोपदेश सुन्न बसे। उपदेश यति प्रभावकारी थिए कि ती सबैलाई धर्म ज्ञान प्राप्त भए। राजाको सन्देश सुनाउनु पर्ने कुरा पनि यादरहेन र उनीहरू सबै संघमा प्रबजित भए।

उता प्रतिक्षारत राजाले फेरि अर्को समूहलाई सन्देश दिएर पठाए। उनीहरू पनि त्यस्तै किसिमले प्रबजित भएर बसे एवंरीतले पटक पटकको प्रयासमा कुनै पनि दूतहरू फर्केर खबर नल्याएको कारण राजा निकै हैरान भएको थियो। तर आफ्नो पुत्रको मुख हेर्न आतुर भएका राजा निराश भने भएका थिएनन् र अबको पालामा आफ्नो प्रिय तथा विश्वस्त मन्त्री कालुदाईलाई आदेश दिनु भयो "मेरो पुत्र समानको अति प्रिय एवं विश्वस्त मन्त्री कालुदाई, म आफ्नो पुत्र सुगतलाई हेर्न चाहन्छु। पहिला पठाएका कुनै पनि दूतहरूबाट यो कार्य सफल भएन र ती मध्ये कोही पनि फर्केनन्। अब यस बृद्ध शरीरको कुनै भरोसा छैन र मेरो जीवन रहेकै बेला म आफ्नो पुत्रलाई हेर्न चाहन्छु। के तिमीले मेरो यो इच्छा पूरा गरीदिन सक्छौ ?" - "महाराजको आज्ञा शिरोपर, यदि तपाईले मलाई प्रबजित हुने आज्ञा हुन्छ भने म तपाईको इच्छा पूरा गरि दिन सक्छु।" कालुदाईले बिन्ति गरे। राजाले भावविव्हल भएर भन्नु भयो-"प्रिय मन्त्री, तिमी प्रवजित होउ या नहोउ। तर जसरी भए पनि मेरो यो इच्छा पूरा गरि देऊ।"

राजाको त्यस्तो आदेश पाए पछि मन्त्री कालुदाई केही साथीहरूको साथ राजगृह पुग्नु भयो। त्यसबेला सुगत बुद्ध धर्मोपदेशमा निमग्न हुनु हुन्थ्यो। उनीहरू पनि त्यही एक छेउमा बसेर उक्त धर्मोपदेश सुन्न

थाले । धर्मोपदेश पञ्चात् कालुदाई मन्त्री धर्म संघमा प्रबजित हुनु भयो । तर आफू जुन कामको लागि आएको हो त्यो कुरा भने विर्सेको थिएन ।

सुगतको छत्रछायामा कालुदाई भिक्षुले राजगृहको धर्मसभामा दुइ महिना बिताई सक्नु भयो । तैपनि राजा शुद्धोदनलाई दिनु भएको बचन स्मरण नै थियो । फाल्गुण पूर्णिमाको अवसरपारी सुगतलाई कपिलबस्तु पदार्पण गराउने सोचाई राख्नु भयो । किनभने त्यो समय हेमन्त ऋतु सकेर बसन्त ऋतुको आगमन हुने हुँदा बोट, विरूवा र रूखमा पालवा आई हरियाली रहने, बाटो सफा रहने, धरतीमा हरियो घाँसहरू उम्रन थाल्ने, बन-बगैचा प्रफुल्लित हुने समक्ष हो । यही सोचाई राखी कालुदाई भिक्षुले सुगत समय निवेदन गर्नु भयो- "महावीर, यो समय न जाडो छ न गर्मी, न अन्नको कुनै कठिनाई छ । हरियालीले भूमि नै हरियो र रमणीय तुल्याएको छ । महामुनि यो समय भनेको धुमफिर गर्ने र यात्रा गर्न योग्य समय हो ।"

सुगतले भन्नु भयो - "कालुदाई , के कुरो छ ? जुन यस्तो मधुर स्वरबाट यात्राको प्रशंसा गरिरहेको छौं । "

"हजुर, भन्ते । तपाईको पिता शुद्धोदन महाराज सुगतको दर्शनका लागि लालायित हुनुहुन्थ्यो ।" भन्दै कालुदाईले राजाको सन्देश निवेदन गर्नु भयो ।

"ठीक छ , कालुदाई म यात्राको लागि तयार छु । भिक्षु संघलाई पनि खबर गरिदेउ यात्राको व्रत पूरा गर" भनेर सुगतले आज्ञा भयो ।

यस किसिमले सुगत बुद्धलाई कपिलबस्तु पर्दापण गराउन कालदाई सफल हुनु भयो । उहाँको निवेदन गर्ने, यात्राको वर्णन गर्ने तरीका र व्यवहार कुशलताको कारणबाट सुगत बुद्ध यात्राको लागि तयार हुनु भयो । सुगत बुद्धको आगमनको सूचना पाएर कपिलबस्तुका जनताहरू हर्षोलाश तथा श्रद्धाका साथ दर्शनका लागि प्रतिक्षा गरिरहेका थिए । यसरी फाल्गुण पूर्णिमाका दिन सुगत बुद्धलाई कपिलबस्तु पदार्पण गराई प्रतिक्षरत एवं लालायित राजा शुद्धोद्धन लगायत सारा प्रजागणलाई दर्शन गराई दिए । यो सफलता कालुदाई भिक्षुको प्रयत्नबाट प्राप्त भएको हो । उहाँको सफल प्रयत्नको कारणबाटै कपिलबस्तुका नरेश लगायत सारा जनताहरूलाई आनन्द र प्रसन्नता दिन सकेको हो । यसकारण तथागत् बुद्धले भिक्षुहरूको धर्मसभामा कालुदाईको बारेमा भन्नु भएको छ । - "मानिसहरूलाई प्रसन्नता प्रदान गर्नेहरू मध्ये कालुदाई सर्वश्रेष्ठ छ ।"

भनिन्छ, कालुदाई जन्मनु भएको दिनमा कपिलबस्तुमा चौतर्फी आनन्दै - आनन्द थियो, किनभने उक्त दिनमा लुम्बिनी उपवनमा महामायादेवीले शान्तिका महानायक तथागत् बुद्धको सिद्धार्थ गौतमको रूपमा जन्म भएको थियो । जन्मेको दिनमा आनन्द र प्रसन्नता छाएको कारण वहाँको नाम"उदाई" रहन गएको छ भने वहाँको वर्ण श्याम वर्णको भएकोले "काल" पनि भन्न थाले । यसर्थ वहाँको नाम "काल+उदाई" अर्थात "कालुदाई"ले चर्चित हुन पुगेको हो ।

तीक्ष्ण बुद्धि, कूटनीतिक कौशलता, वाकपटुता, यात्रा वर्णन गर्ने कुशल तरीका र व्यवहार कुशलताका कारण तथागत्, बुद्धको दृष्टिमा समेत् प्रशंसित व्यक्तित्व बन्न सक्नु भयो । यही नै वहाँको विलक्षण प्रतिभा र अद्वितीय स्वभावको उदाहरण हो । कालुदाई भिक्षुको गुणानुशरण र गुणानुकरण गरौं र गर्ने प्रयत्न गरौं । "बोल्नेको पीठो बिक्छ नबोल्नेको चामल बिक्दैन" भन्ने आहनको मर्म बुझौ र बुझाऔं । "बोलि कि गाली" यस्को अर्थ र मर्म बुझौं । हामीहरू पनि सबैको नजरमा प्रिय बन्ने प्रयत्न गरौं भनिन्छ "व्यवहार नै विश्वविद्यालय हो" अतः त्यस्तो गुण र मर्म विद्यमान भएको आचरण सांच्चिकै व्यवहारमा ल्याउन सक्ने भै व्यावहारिक कुशलतायुक्त बन्न सकौं र बन्ने प्रेरणा लिऔं श्रद्धेय भिक्षु कालुदाई बाट ।

भवतु सब्ब मङ्गल

सन्दर्भ सामाग्री -बुद्ध और उनके समकालीन भिक्षु

- डा. भदन्त सावंगी मेधंकर



MEDIA WORLD/TG-10/95

Smooth as silk on Thai is 60 flights a week from Bangkok to thirteen destinations in Europe

Thai flies 5 times a week from Kathmandu to Bangkok.

Every Sunday, Monday, Wednesday, Friday and Saturday.

For more information please call: 221247, 225084, 224387

Fax: 977-1-221130 or Your nearest travel agent.

Thai

महायानको व्यापकता कुटनीतिमा आधारित

- पुरूष शाक्यवंश

महायान सम्प्रदायको उत्थान सम्वन्धका घटनाचक्रलाई बिचार गर्दा बौद्ध वैपुल्य सूत्रहरूका साहित्य र बुद्धलाई महामानवबाट अलौकिक शक्तिको रूपमा चित्रण गरेको बौद्ध साहित्य ललित विस्तरलाई जान्नु अति आवश्यक देखिन्छ। "तिमी आफ्नो मालिक आफै छौं, अरू कोही तिम्रो मालिक (भविष्य निर्माता) छैन "भन्ने उपदेश दिने महामानवको जीवनीलाई ललितविस्तरमा यसरी वर्णन गरिएको पाइन्छ"

पादौ निक्षिपते यत्र भूमौ पद्मवरा: शुभा: ।
अभ्युद्गच्छन् तता महाँ सर्वरत्न विभूषिता: ॥

जुन भूमिमा (भगवान) ले पाइला टेके, त्यस भूमिमा सवै रत्नबाट विभूषित शुभ तथा उत्तम कमलको फूल निस्कियो।

यदा सप्तपदां गन्वा ब्रम्हास्वर मुदाहरि ।
जरामरणविधाती भिषगूवर खोद्गत: ।

(यो सवै त्यस वेलामा भयो) जव सात पाइला हिडेर (भगवान) ले ब्रह्मस्वरबाट भने कि जरामरणको नाशक श्रेष्ठ वैद्य म उत्पन्न भएको छु।

अर्को ललित बिस्तरको देवकुलोपनयको अध्यायमा यसरी उल्लेख भएको पाइन्छ "हे भिक्षुहरू, राजा शुद्धोदन यस प्रकार महान् राज समूहको साथ महती राज-समृद्धि तथा महान राजप्रताप सहित कुमारलाई लिएर देवकुलमा प्रविष्ट गरे (प्रवेश भएको) साथ-साथ (जव) त्यस देवकुलमा वोधिसत्वले दुवै पाउ मध्ये दाहिने पाउले टेके, तब शिव, स्कन्ध, नारायण, कुवेर, चन्द्र, सुर्य, वैश्रवण, शुक्र, ब्रह्म तथा लोकपालहरू जस्ता देव प्रतिमाहरू सवै आ-आफ्नो स्थानबाट उठेर बोधिसत्वको पाउमा ढोग्न गए।
यो माथि उल्लेख भएका श्लोकहरू र गद्य शैलीबाट लेखिएको बुद्ध जीवनी "ललितविस्तर" किन र कुन पृष्ठभूमि लेख्नु पर्‍यो यो प्राय: प्रष्ट भएकोपाइन्छ। बुद्धको परिनिर्वाणको १०० वर्ष पछि विभाजन भएको १८ अठार सम्प्रदायको कारणले स्वयम् बुद्धद्वारा प्रतिपादन गरेका आर्य अष्टाङ्गमार्ग प्रति जन-साधारणको मात्र होइन संघ भित्र रहने भिक्षुहरूको समेत आस्था घट्न गयो र फलस्वरूप साक्षात अर्हत भिक्षुहरू र शुद्ध थेरवाद भिक्षुहरू अरू भिक्षुहरूको माझबाट अलगअलग हुन गयो। यस अविश्वासको कारण विस्तार विस्तार अर्हत्व नै यस विश्वबाट लोप हुदैगयो। यसरी आर्यअष्टाङ्ग मार्ग प्रति नै भिक्षुहरूको आस्था कम भएको कारण भिक्षुहरू प्रति जन आस्था लोप हुदैगयो साथै बौद्ध भिक्षुहरूको आचरणमा पनि ह्रास हुदैगयो र भक्तिवाद प्रति जनआस्था बढ्दै गयो। यसै जनभावनाको बैदिकवादी भक्तिवाद तिर ढल्कन्दै गएको परिप्रेक्षलाई विचार गरि सर्वास्तिवादीहरूले वौदिकवादीहरू पुर्नउत्थान हुन सक्ने आशंका गरी, बुद्ध जन्मनासाथ सात पाइला टेकेको र मानव र देवताहरूलाई जन्ममरणको दु:खबाट मुक्त गर्न सक्ने घोषणा गरेको। त्यस्तै पूजाकोथिमा बस्नासाथ त्यहाँ भएका देवधि-देव कहलिएका सवै वैदिक देवताहरू नै बुद्धको पाउमा घोप्टो परि ढोक्न गएको वर्णनबाट वेदिक देवताहरू भन्दा बुद्धको प्रभाव बढी भएको अथवा यस विश्वमा सर्वश्रेष्ठ अथवा देवाधि-देव बुद्ध भएको जनमानसमा देखाउन चाहेको प्रष्ट भएको छ। यस ललितविस्तरका ग्रन्थको प्रभावबाट बुढानिलकण्ठमा अवस्थित नारायणको कपालमा कुँदेको बुद्ध मूर्ति भएको बौद्ध विद्वानहरूको भनाइ भएको पाइन्छ। यस ललितविस्तरको जनमानसमा ठूलो प्रभाव र आस्था भएको कारणले यस ग्रन्थलाई महायानीहरूले श्रद्धा साथ आफ्नो मौलिक ग्रन्थको रूपमा अपनाए। यहि नै महायानीहरूको एक विशेषता हो।

ललित विस्तर पछि यसै ग्रन्थको आधारमा विभिन्न वैपुल्य र अरू ग्रन्थहरू प्रकाशमा आए। त्यस मध्येको प्रज्ञापारामिता ग्रन्थको औचित्य विषयमा केही

चर्चा परिचर्चा गरौं । प्रज्ञापारमिता शून्यवादको प्रारम्भिक तथा महान् ग्रन्थ हो । यो महायानको सूक्ष्म दर्शन र सम्प्रदायहरूको श्रोत हो । जति जति महायान सम्प्रदायहरू मध्ये माध्यमिकवाद र विज्ञानवादको जति जति बिकाश हुँदै गयो त्यति त्यति अणुपरमाणुको सूक्ष्मादि सूक्ष ज्ञानहरूको रहस्य जनमानसको समक्ष प्रकाशमा आयो । प्रत्येक महायान दर्शनको श्रोत प्रज्ञापारमिता भएको पाइन्छ । महायान बौद्ध दर्शनको निम्ति यो प्रज्ञापारमिता गन्थ कति महत्त्व छ त्यसको बयान गरेर साध्य छैन जसरी चेतन अचेतन (बिरूवा) प्राणीहरूको निम्ति सूर्यको प्रकाश महत्व छ, त्यति नै महायानी दर्शनको निम्ति यो ग्रन्थको महत्त्व रहेको छ । जति महायान दर्शनको निम्ति यो ग्रन्थ प्राणदायी किरण सावित भएको छ, त्यतिनै यो प्रज्ञापारमिता ग्रन्थ श्रावकयान ग्रन्थ र मान्यताको निम्ति प्राणघातक प्रकाश हुन गएको छ । कारण यस ग्रन्थमा (प्रज्ञापारमितामा) अति सूक्ष्म शून्यज्ञान बोध गराउनुको साथ साथै श्रावकयानहरूको मान्यता र विश्वासलाई अप्रत्यक्ष रूपमा हनन् गर्ने प्रयास अथवा साजिसको झलक पाइन्छ । उक्त सम्बन्धमा केही कुराहरू यस भावहरूबाट प्रष्ट हुनेछ ।

प्रज्ञापारमिताको उत्पति सम्बन्धमा हामी पश्चिमी विद्वान कोन्जको यस भावनालाई यहाँ उल्लेख गरौं ।

"One well known story for instance, runs that the Przaparamita sutras, the texts deaing with perfect wisdom were revealed by the Buddha himself but that they were too difficult to be understood by his contemporasies. In consequence they were stored in the place of surpent or dragon, they were called Nagas in the neither world. When time was ripe the great doctor Nagarjuna went down in the neither world and brought them into the world of men "
(Buddhism-Its Essence and Development - by Edward Conze)

अर्थात : प्रज्ञापारमिता सूत्रहरू एक अति प्रख्यात आख्यानबाट आरम्भ भएको छ, पूर्ण प्रज्ञाले युक्त भएको यो ग्रन्थ (प्रज्ञापारमिता) स्वयम बुद्धले नै प्रकाश पार्नु भएको हो, तर आफ्नै समकालिनहरूबाट यो ग्रन्थ बुझ्न अति गाह्रो हुने भएको कारणले यस ग्रन्थलाई नागभूमि भन्ने (काल्पनिक संसार) नागलोकमा सुरक्षाको निम्ति राखियो । जब समय परिपक्व भयो आचार्य नागार्जुन त्यस पाताल नागलोकमा पसे र त्यस ग्रन्थलाई यस मनुष्य लोकमा ल्याए । यस प्रज्ञापारमिताको आख्यान पछाडि के र कुन आशयहरू लुकेका छन् । यस सम्बन्धमा गम्भिरतापूर्वक अन्वेषण गर्दा विभिन्न आशयहरू यस आख्यान भित्र लुकेको पाइन्छन् । सर्वप्रथम स्वयम बुद्धले अथवा बुद्धको संरक्षणमा यो महत्वपूर्ण ग्रन्थ बनेको भन्ने शब्दबाट ग्रन्थको स्वत: महत्व बन्नेत भयो नै । त्यसमा पनि बुद्धको समकालीनहरूले यो ग्रन्थ बुझ्न नसक्ने गरी अति गाह्रो भएको कारण सुरक्षाको निम्ति काल्पनिक नागलोकमा राखिएको भनि अर्को आकर्षण थपि दिएको कारणले यस ग्रन्थ प्रति जनमानसको झन उत्सुकता र आकर्षण स्वभाविक रूपमा बढने नै भयो जस्तो बुद्धले आफ्नो आमालाई स्वर्गमा गएर दिएको धर्म उपदेश भन्नाले अभिधर्म ग्रन्थको आकर्षण अरू ग्रन्थहरू भन्दा धेरै बढेको पाइन्छ ।

दोश्रो बुद्धका समकालीनहरूले यो प्रज्ञापारमिता बुझ्न अति गाह्रो भएको कारणले भन्ने भावनाले बुद्धको बरिष्ठ शिष्यहरू र साथै यस ग्रन्थको मुख्य भूमिकाको रूपमा धर्म सम्वाद गर्ने पात्रहरू सुमिति र सारिपुत्र जस्तो बुद्धको बरिष्ठ शिष्यहरले यस ग्रन्थको भाव नबुझेको झल्किन्छ । साधारणतया यस प्रज्ञापारमिताको शून्यवादको भाव बुझ्न अति गाह्रो छ भन्न खोजेको जस्तो देखिन्छ । तर यस भावलाई गहिरिएर अन्वेषण गरी हेर्दा यस अर्थ केवल गाह्रो मात्र भन्न खोजेको नभई थेरबाद अर्हत भिक्षुहरूले यो प्रज्ञापारमिताको शुन्यवाद बुझ्ने विषय वस्तु नभएको भाव प्रष्ट गराउँछ । कारण, पछि महायानको विशिष्ट आचार्य नागार्जुनले यो ग्रन्थ नागलोकबाट मनुष्यलोकमा ल्याई महायानीहरूलाई उपदेश गरे । महायानीहरूले नागर्जुनले दिनु भएको यस प्रज्ञापारमिता ग्रन्थको अर्थ श्रावकयानको

अर्हत भिक्षुहरूलाई बुझ्न अति गाह्रो भएको जस्तै गाह्रो भएको वर्णन कही उल्लेख भएको छैन यसबाट प्रष्ट हुन्छ कि माथि उल्लेख भएको बुद्धको समकालीनको अर्थ गाह्रो होइन महायान र श्राणकयानको प्रज्ञालाई बुझ्ने क्षमता । यथार्थमा भन्ने हो भने श्रावकयान र महायानको तुलना गरेको हो ।

तेश्रो चौथौं सम्बन्धमा ग्रन्थहरूमा उल्लेख भएका विरोधाभाष अभिव्यक्तिबाट जानौं । अमृतानन्द महास्थविर बाट लेखु भएको बुद्धकालीन श्रावक चरित्रमा बुद्धद्वारा सारिपुत्रलाई जस्ता प्रशंसा गर्नु भयो "बुद्ध र प्रत्येक बुद्ध बाहेक सारिपुत्र जस्ता प्रज्ञामा श्रेष्ठ हुने पुरूष श्रावकमा अरू कोहि छैन ।" र बुद्धकालिन समय र बुद्धको परिनिर्वाण पछि, बुद्ध पछिको प्रज्ञामा सर्वश्रेष्ठ स्थान ओगट्नमा सारिपुत्र जसरी सफल हुनु भएको छ अरू अर्हत भिक्षुहरू नभएकोमा कसैको शंका नै छैन । तर यस प्रज्ञा सम्वधमा स्व. पं. जोगमुनि बर्जाचार्यले नेपालभाषामा लेखु भएको अष्टसहर्सिका प्रज्ञापारमिता लेखु भएको त्यसको एक झलक यहाँ प्रस्तुत गरेको छु - बुद्धले आयुस्मान सुमतिलाई बोलाएर यस्तो आज्ञा गरे "हेसुभूते बोधिसत्व महासत्वहरूले प्रज्ञापारमिता ज्ञान बृद्धि गरी प्रज्ञापारमिता ज्ञान लाभ गरी कसरी निर्वाण भएर जानेहो त्यो तिम्रो अगाडी र हनु पर्छ (थाहा हुनुपर्छ)" यसरी प्रज्ञा सम्बन्धमा भिक्षु सुमतिलाई बोधिसत्व र महासत्वहरूले प्रज्ञापारमिता ज्ञान प्राप्त गरि कसरी निर्वाण हुन्छ भनी सुमतिलाई आज्ञा गर्दा सारिपुत्र छक्क भए कारण जुन ज्ञान सुमतिमा छ त्यो आफूमा नभएको मात्र होइन न आफुले कहिले सुनेको छ, न देखेको छ भनी भगवान बुद्धलाई सारिपुत्रले विन्ति गरे ।" स्वयम बुद्धद्वारा प्रज्ञामा सर्वश्रेष्ठ भनी सिहंनाद गरिएको व्यक्तिलाई भिक्षु सुमति भन्दा प्रज्ञामा कम व्यक्ति बनाएको मात्र होइन सुमतिको अगाडी सारिपुत्र नगण्य प्रज्ञावान भएको, अर्को प्रसंगमा स्वयम भिक्षु सारिपत्रबाट यसरी हीनता व्यक्त गराउँछ । आयुस्मान सारिपुत्रले आयुष्मान सुमतिलाई सोध्यो । "हे आयुस्मान सुमिति यो अचित भनेको के हो ? सुमतिले जवाफ दिए हे आयुष्मान सारिपुत्र यो अचित भनेको कल्पना (यस्तो उस्तो भन्ने कल्पना) स्थाई नभएको भनी जन्नु ।" यसो भने पछि आयुष्मान सारिपुत्रले आयुष्मान सुमतिलाई साधु साधु भनी अभिवादन गरे र यसै कारणले क्लेश नासगर्नेमा भिक्षुहरू मध्ये मुख्य भनी भगवानबाट आज्ञा भयो, "यो हो भिक्षु सुमति भिक्षु सारिपुत्र भन्दा क्लेस निवारणमा मात्र होइन प्रज्ञामा समेत उच्च सावित गर्ने नयाँ प्रयास हो ।

बुद्धद्वारा भिक्षु सारिपुत्रलाई प्रज्ञामा सर्वश्रेष्ठ श्रावकको उपधिबाट सम्बोधन गर्दा गर्दै पनि प्रज्ञापारमिताका ग्रन्थकारले किन र कुन कारणले भिक्षु सुमुतिलाई सारिपुत्र भन्दा श्रेष्ठ प्रज्ञावान देखाउन चाहे ? यो विचारणीय छ । यस सम्बन्धमा प्रज्ञापारमिता कहाँ, किन र कुन आशयबाट रचना भयो त्यसको जानकारी हुन् आवश्यक देखिन्छ । बुद्ध र बुद्धपछिका लेखक प्रकाश बज्राचार्यको भनाई अनुसार सन् १०० तिर यो ग्रन्थ दक्षिण भारतमा रचेको बताउँछ भने अर्को तारानाथको भनाई अनुसार प्रज्ञापारमिताको महापद्मको अनचर उडीशा (ओडिविश) मा आविर्भाव भएको बताउँछ । चाहे जहाँ, जसले रचेको किन नहोस् अवश्य पनि यो ग्रन्थ थेरवाद अर्हत भिक्षुहरूको बहुल भएको सम्प्रदायबाट अलग भएर गएको सम्प्रदायले रचेको हुनु पर्छ । कारण भिक्षु सारिपुत्र थेरवाद अर्हत भिक्षुहरूको अग्रणी हुन । जहाँसम्म सारिपुत्रको अग्रता र श्रेष्ठताको प्रश्न आउँछ तब सम्म थेरवादको श्रेष्ठता यस विश्वमा रहिरहन्छ र महायान र अरू सम्प्रदायको रहने छैन । यतिमात्र होइन सारिपुत्रको श्रेष्ठताले अर्हत भिक्षुहरूको श्रेष्ठता पनि रहि रहन्छ । जबसम्म अर्हत् भिक्षुहरूको श्रेष्ठता रहिरहन्छ तब सम्म बोधिसत्व र महासत्वको अस्तित्व र औचित्य हुने छैन । त्यस्तै थेरवादको अस्तित्व रहेसम्म महायानको अस्तित्व रहने छैन । यसै कारणले महायान सम्प्रदाय कायम गर्न र गराउन सर्व प्रथम सारिपुत्र महास्थविरको अग्रता अथवा मान्यतालाई तोड्नु पर्छ र मिटाउनु पर्छ । यी भावनाले प्रेरित भएर यो प्रज्ञापारमिता, शुन्यवादको प्रारम्भिक ग्रन्थ रचिएको हो ।

(कमशः)

बुद्धले आफूलाई किन बुद्ध भन्नुभयो

- आचार्य भिक्षु अमृतानन्द

"बुद्ध" भन्ने शब्द सुन्नेबित्तिकै विभिन्न मानिसहरूले विभिन्न प्रकारले उक्त शब्दको अर्थ बुझ्न सक्छन्। "बुद्ध" भन्ने शब्द सुन्नेबित्तिकै विभिन्न देशका बौद्धहरूको दिमागमा शाक्यमुनि बुद्ध, आदि बुद्ध तथा अमिताभ बुद्ध आदिको चित्तण चित्रित हुन्छ।

साँच्चै भन्ने हो भने "बुद्ध" भनेको कुनै व्यक्ति होइन। न त यो कुनै व्यक्तिका आमा-बाबुले दिएको नाम हो। पालि मागध भाषानुसार "बुद्ध" शब्द "बुध बोधने" भन्ने धातुबाट बनेको हो। अत: यो गूथवाचक शब्द हो। अर्थात् जसले बोध गर्ने काम गर्छ उसलाई बुद्ध भनिन्छ। खासगरी बुद्ध भनी साधारणतया गौतमबुद्ध आदि बुद्धत्व प्राप्त गरेका महापुरूषहरूको नाम भए तापनि जुनसुकै मानिस पनि बुद्ध बन्न सक्छन्। बोधकार्य सुसम्पन्न गर्ने सबै मानिसहरूलाई "बुद्ध" भन्न सकिन्छ। बुद्धधर्मअनुसार चतुरार्य सत्यलाई अवबोध गर्नेलाई "बुद्ध" भनिन्छ। गौतम बुद्धले बुद्ध भन्ने नाम पाएको यही चारसत्यलाई यस युगका मानिसहरूमध्येमा सबभन्दा पहिले बोध गर्नु भएको हुनाले वहाँलाई "बुद्ध" भनिएको हो। जबसम्म यी चार सत्यलाई सत्यको रूपमा अवबोध गर्नुभएको थिएन तबसम्म वहाँले न आफूलाई बुद्ध भन्नु भयो न त अर्काले नै वहाँलाई बुद्ध भने।

दु:ख सत्य, समुदायसत्य, निरोधसत्य र मार्गसत्यलाई चतुरार्यसत्य भनिएको हो।

दु:ख भन्ने कुरा त सबैलाई थाहा नै छ। तर यसलाई दर्शनको रूपमा अथवा सत्यको रूपमा यस युगका कुनै पनि महापुरूषहरूले घोषणा गरेका थिएनन्। २५०० वर्षअगाडि गौतम बुद्धले नै यसलाई सर्वप्रथम दर्शनको रूपमा अथवा सत्यको रूपमा घोषणा गर्नु भएको थियो। अत: यो वहाँको आफ्नै मौलिकता हो। वहाँले यस साधारण तत्वलाई औंल्याई सत्यको रूपमा घोषणा गर्नाको कारण - स्वर्ग, नरक, तिर्यक् तथा मनुष्यादि जुनसुकै लोकमा जन्मेका प्राणीलाई जन्म, जरा तथा मरण, दु:खले छाडेको हुन्न बरू दु:खै दु:खले भरिएको हुन्छ।

दु:ख शब्दको परिभाषा गर्ने हो भने आफूले चिताएको जस्तो नपाउनु वा चिताएको जस्तो नहुनु नै दु:ख हो। जन्मिने प्राणीहरू सधैं साश्वत भएर रहन पाए हुन्थ्यो भन्ने कामना गर्छन्। तर त्यस्तो हुन सक्तैन। जन्मिने प्राणीहरू आफ्नो प्रिय वस्तुसँग कहिल्यै विमुख हुन नपरोस् भन्ने चाहन्छन्। तर त्यस्तो हुन सक्तैन। आखिरमा आफ्ना इन्द्रियहरू पनि आफूले चाहेबमोजिम आफ्नो इच्छाअनुसार रहन्नन्। अहो, यो मेरो सुन्दर शरीर कहिल्यै जराजीर्ण नभई नित्य तथा ध्रुव रहेहुन्थ्यो भन्ने इच्छा प्राणीमा हुन्छ। तर त्यो पूरा हुन सक्तैन। चाहे यो आध्यात्मिक होस् वा भौतिक। नित्यर ध्रुवताको इच्छा गर्दा गर्दै पनि अध्रुव र अनित्य भएर नै जान्छ। यसले गर्दा मनमा असन्तोष भई दु:ख अनुभव हुन्छ। यस्तै यस्ता कारणहरूलाई "आफूले चिताएको जस्तो नपाउनु" भनी भनिएको हो। यो अनित्य स्वभावलाई कसैले पनि नित्य तथा ध्रुव बनाउन सक्तैन। बरू अनित्यता नै ध्रुव तथा नित्य शाश्वतको रूपमा देखा पर्न आउँछ र वास्तवमा यही नै यथार्थ सत्य ठहरिन आउँछ।

अनित्यताको कारणले नै दु:खको अनुभव हुन्छ। यो सबैले प्रत्यक्ष रूपमा देख्न र अनुभव गर्न सक्ने तत्व हो। अनित्यताले गर्दा नै दु:ख, असन्तोष, पीडा तथा सन्ताप आदिको अनुभव हुन्छ। यस दु:ख सत्यलाई सत्यको रूपमा देखाउनु भई भगवान् बुद्धले प्राणीहरूलाई हतोत्साहित वा निराश बनाउनु भएको

होइन । हो, दु:खको मात्र कुरा सुनाई त्यसबाट मुक्त हुने मार्गको कुरा नबताइदिनुभएको भए साँच्चै नै प्राणीहरू दु:खको मात्र कुरा सुनी निराश हुने थिए होलान् । तर वहाँले दु:खको मात्र कुरा सुनी निराश हुने थिए होलान् । तर वहाँले दु:खको मात्र कुरा नऔंल्याई त्यसबाट तारण हुने उपायको कुरा पनि औंल्याई देखाइदिनुभएको छ । दु:खको कुरा जुनसुकै मानिसले पनि तुरून्तै देख्न सक्ने र बुझ्न सक्ने भएको हुनाले चतुरार्यसत्यमा सर्वप्रथम दु:खसत्यको कुरा दर्शाइएको हो ।

जस्तै कुनै चिकित्सकले सर्वप्रथम रोगीलाई हेर्छ अनिपछि रोगको निदान पत्तो लगाउने कोशिश गरी रोगको निदान पत्ता लगाउँछ । रोगको निदान पत्ता लागिसकेपछि त्यसबाट मुक्त गराउने उपाय सोची तदनुरूप औषधी दिई रोगबाट मुक्त गराइदिन्छ । त्यसैगरी शाक्यमुनि बुद्धले पनि सर्वप्रथम दु:खलाई देख्नुभयो र देखाउनुभयो । अनि त्यसको निदान के रहेछ भन्ने कुरा खोजी गर्दा त्यसको निदान अथवा मूल कारण "तृष्णा" हो भन्ने अवबोध गरी त्यसलाई पनि बताउनु भयो । जब कुनै मानिसले दु:खको निदान अथवा मूल कारण तृष्णा हो भन्ने थाहा पाउँछ तब सो बुद्धिमान् पुरूषलाई स्वत: यो पनि ज्ञान हुन्छ कि दु:खको कारणलाई हटाइदिएको खण्डमा त्यसबाट हुने दु:ख र पीडा स्वत: निरूद्ध हुन सक्छ । जब यस्तो ज्ञान हुन्छ तब उसमा त्यसो भए कुन उपायद्वारा यो निदानलाई हटाउनुपर्ला भन्ने जिज्ञासा हुन्छ । त्यसपछि उसले सो उपाय पत्तो लगाउनेतिर खोजी गर्छ । खोजी गर्नेले कुनै न कुनै दिन उपाय पत्ता लगाइछाड्छ । यो उपायलाई "अष्टाङ्गिकमार्ग" भनिन्छ ।

यस्तैगरी शाक्यमुनि बुद्धले जब दु:खलाई ध्रुवसत्यको रूपमा देख्नुभयो तब वहाँले दु:खको मूल कारण भएको तृष्णाको पनि पत्ता लगाउनुभयो । यद्यपि यी दुवै कारणहरू यसै लोकमा वा यसै जीवनमा विद्यमान छन्, तथापि यसलाई सत्यको रूपमा यस युगका कुनै पनि पुरूषले देख्नु सकेका थिएनन् र बताएका पनि थिएनन् । अतएव यो बुद्धको आफ्नै मौलिकता हो । त्यसैले बुद्धले यसलाई आफैले खोजी गरी पाएको सत्य हो भनी बताउनुभएको हो ।

जब वहाँले आजभन्दा २५०० वर्ष अघि बुद्धगयाको पीपलको एक रूखमुनि ध्यान गरिरहेको वेलामा वैशाख पूर्णिमाको रातको अन्तिम समयमा यस सत्यलाई सत्यको रूपमा अवबोध गर्नु भयो तब वहाँलाई देवमनुष्यहरूले बुद्ध भनी घोषणा गरेका थिए । यो अवबोधपछि वहाँले पनि आफूलाई बुद्ध भनी घोषणा गर्नु भएको थियो । जस्तै वहाँले दु:खसत्यलाई अवबोध गर्नुभयो त्यस्तै गरी त्यसको निदान, निरोध तथा मार्गसत्यलाई पनि अवबोध गर्नुभएको थियो । यी चारसत्यलाई कसैले पनि असत्य पार्न नसक्ने भएको हुनाले यसलाई "चतुरार्यसत्य" मानिएको हो ।

वहाँले स्वयं पनि भन्नुभएको छ कि - "भिक्षु हो, जबसम्म चतुरार्यसत्यलाई सत्य हो भनी अवबोध गरेको थिइन, तबसम्म मैले आफूलाई बुद्ध भनी यो ब्रह्माण्डमा घोषणा गरेको थिइन । जब मैले पहिले कसैबाट नसुनेको उपर्युक्त चारसत्यलाई सत्य भनी अवबोध गरें तब आफूलाई बुद्ध भनी घोषणा गरें" यही अवबोध ज्ञानलाई बुद्ध भनिएको हो । अवबोध गर्ने ज्ञान कुनै व्यक्तिमा हुने भएको हुनाले सो अवबोध गर्ने पुरूषलाई "बुद्ध" भनिएको हो भन्ने कुरा पनि बिर्सनु हुन्न । अत: यो अवबोध गर्ने ज्ञान सबै मानिसहरूमा पाउन नसकिने होइन । ❁

हार्दीक साधुवाद ! ! !

यस आनन्द भूमिले आर्थिक सहयोगका लागि आजीवन ग्राहकहरूमा आव्हान गरिए अनुरूप काठमाडौं, चसाँदो बन्जाहिटी निवासी श्री रुद्र बहादुर शाही (खड्गी)ले यस पत्रिकाको उत्तरोत्तर प्रगतिका लागि रू २०००/- सहयोग गर्नु भएकोमा हार्दीक साधुवाद ।

ललितपुर, क्वालखु निवासी श्री तेजरत्न वज्राचार्यबाट आजीवन ग्राहक शुल्क स्वरूप रू १०००/- प्रदान गर्नु भएकोमा हार्दीक साधुवाद साथै उपरोक्त महानुभावद्वयको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

आनन्द भूमि परिवार

खोज

राजिव श्रेष्ठ, बाणेश्वर

निरन्तर छछल्किरहेका नदीहरू सागरहरू
छालहरू बीच–बीचमा पत्थरसँग ठक्कर खाँदै
प्रश्न गर्छन्–लक्ष्य कहाँ छ ?
त्यो अन्जान नदी जीवन हो?
बेमौसमी रंगहरू/बर्षात्का बूँदहरू
यौवनमा लुकाइएका आँसूहरू...
'सपना' खोज्न भौंतारिएका पाईलाहरू
लयबद्ध संगीतका एकसूरे धूनहरू
कहाँ/कता गएर टुङ्गिन्छन् ?
असहाय वैशाखीका परिभाषक को छन् र ?
चिहानमा लगिएको लाशप्रति आँसु झार्नेहरू
जीवात्मासँग चाहिं ठट्टा गर्छन् ।
शान्तिको प्रत्यागमन कुनचाहिं नौलो
आणविक अश्त्रसँगै हुने हो ?
त्यसैले बलात्कृत मनाशाय लिएर
अबोध/अनाम मानिसहरू
एउटा निर्दीष्त लक्ष्य खोज्दैछन् ।
गौतमको सम्यक् बचनसँगै ;
शान्ति । शान्ति !! शान्ति !!!

नेपाल आमा रून्दैछिन्

- दिपक राज सांपाल, नगढेश

शान्ति क्षेत्र नेपालमा अन्याय, अत्याचार बढ्दैछ ।
मानवले मानव माथि कस्तो पा पा चार गर्दैछ ।
यहाँ भौतिक सुख सयलको लोभमा नैतिकता नै बेचिदैछन् ।
त्यसैले यहाँ नेपाल आमा रूदैछिन् ।
शान्ति क्षेत्र नेपालमा भ्रष्टाचार, घुसखोरी बढ्दैछ ।
मानवले आफ्नो अमूल्य जीवनलाई विसिदैछ ।
यहाँका मानवहरू जीउदै मृदा झै मख्ख मर्दैछन् ।
त्यसैले यहाँ नेपाल आमा रूदैछिन् ॥

शान्ति क्षेत्र नेपालमा नेपाल आमालाई हसाउन
असतय र अशान्तिको बीजै निर्मूल नपार्नाले
महा मानव गौतम बुद्धको ज्ञानलाई अनुसरण नगर्नाले
त्यसैले यहां नेपाल आमा रूदैछिन् ।
शान्ति क्षेत्र नेपालमा रोग र भोकले पीरोल्दैछ ।
शारीरिक वेदना र मानसिक चिन्ताले छटपटिदैछन् ।
त्यसैले यहाँ नेपाल आमा रूदैछिन् ।
शान्ति क्षेत्र नेपालमा ईश्वरवाद र आत्मावादलाई अनीश्वरवाद, अनात्मवाद तिर नमोडनाले,
मानवहरूमा चेतना र शाश्वत अभिव्यक्तिको कमिका कारणले,
यहाँ करूणा, मैत्री र सतयको अभावको कारणले
नेपालका मानवहरू छटपटिइरहेछन्,
त्यसैले यहाँ नेपाल आमा रूदैछिन् ।

ग्राहक महानुभावहरूमा सादर सूचना

गत वर्ष देखि यस आनन्द भूमि, बौद्ध मासिक नेपाली र नेपालभाषा दुइ बेग्लाबेग्लै भाषामा अलग अलग प्रकाशित हुँदै आइरहेको जानकारी गराउँदछौं । तपाईलाई पठाइएको नेपाली वा नेपालभाषाको सट्टा नेपाली वा नेपालभाषा कुन चाहिन्छ खबर गर्नुहोला ।

ग्राहक महानुभावपिंत सादर सूचं

थउने निसें थुगु आनन्द भूमि बौद्ध लय् पौ नेवा भाय् व नेपाली भाय् याना बिस्कं हे निगु पिथना बयाच्वना । छित छोया ल्याच्वनागु गुगुं भाय् लासां आबंलि छित: नेपाली वा नेवा भाय् मध्ये गुगुं भाय् यागु माल ख : च्वया छोया है दिसं ।

सम्पादकलाई चिट्ठी

सम्पादकज्यू,

भिक्षु अनागारिकाहरू बिरामी हुँदा औषधोपचारका लागि असन, काठमाडौंकी धर्मचित्त भएका कर्मशोभा साहूनीबाट आफ्नो असन स्थित घर दान गर्नु भएको भन्ने कुरा सुनिराखको थिएँ। तर सो आर्जनबाट भिक्षु अनागरिकाहरूलाई औषधोपचार भएको र भैराखेको भने जानकारी छैन। यसबाटे के भैराखेको छ सम्बन्धित निकायले यसै पत्रिका मार्फत् जानकारी दिनु हुनेछ भन्ने आशा लिएको छु।

– प्रज्वल बज्राचार्य, भक्तपुर।

□□

सम्पादकज्यू,

म यस आनन्दभूमिको नियमित पाठक हुँ। विगत केही अं.क देखि कभर अफसेटमा छापिएर आएको आकर्षक लाग्यो। यस्को निरन्तरता कायम् रहोस्। ग्राहकहरूले नियमित रूपमा नपाएको गुनासोहरू सुन्छु। यस तर्फ व्यवस्थापन तर्फले केही ध्यान दिनु पर्ला जस्तो लाग्छ। कभर जस्तै भित्री पेजहरू पनि अफसेटमा नै छापिए कसो होला ? साथै लेखहरूको स्तर मा पनि वृद्धि हुने आशा राख्दै यस्को उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

– राजिव शाक्य, काठमाठौं।

□□

सम्पादकज्यू,

क्षमा माग्दै लेख्दैछु विगत २३ वर्ष देखि प्रकाशित भैरहेको आनन्दभूमि बौद्ध मासिकको स्तर झन झन कम हुँदै गैरहेको अनुभव गर्दैछु। के कति कारणले यस्तो भएको हो ? साथै आफ्नो समस्या पनि व्यक्त गरिएको पाइन्दैन। लेटर प्रेसमा नै छापिए पनि अक्षरहरू स्पष्ट हुनुपर्थ्यो र अरू अर्थ नलागेमा लेखहरू पनि अनुसन्धानात्मक र खोजपूर्ण नभै साधारण नै लाग्दछ। यत्रो वर्ष पुरानो पत्रिकाको स्तर कायम राख्न सबै क्षेत्रबाट सहयोगको खाँचो देखेको छु।

– प्रकाश पन्त, माइतिघर

हामीले पाठक प्रतिक्रया स्तम्भ नियमित रूपमा राख्ने भएकोले पाठकहरूले आफ्नो प्रतिक्रिया, सुझावहरू पठाउनु भएमा यस स्तम्भमा प्रकाशित गर्दछौं।

सम्पादक

प्रश्न मञ्च

सुमिता दत्त, बालाजु, काठमाडौं।

★ *विश्वका बौद्धहरू बिच भातृत्व भाव ल्याउने उद्देश्यले स्थापित अन्तर्राष्ट्रिय संस्था वर्ल्ड फेलोशीप अफ बुद्धिष्ट (WFB) को स्थापना कहिले भएको हो र यस्का संस्थापक को थियो ?*

– सन् १९५० मा श्रीलंकामा स्थापना भएको यस अन्तर्राष्ट्रिय संस्थाका प्रथम संस्थापक श्रीलंकाकै बौद्ध विद्वान प्रो.जि.पी. मल्लशेखर (१८९९-१९७३) हुनुहुन्थ्यो।

रवि कायष्ठ, खौमा, भक्तपुर

★ *संसारको सबै भन्दा अग्लो बुद्ध मूर्ति कहाँ छन् ?*

– संसारको सबैभन्दा अग्लो बुद्धमूर्ति चीनको सछ्वान प्रान्तको लूसांङ शहरमा छ। यस्को लम्बाई ७१ मीटर छ। यस्को कान ७ मीटर लामो छ र कानको प्वालमा दुइजना मान्छे सगै उभिन मिल्छ। खुट्टा माथि दुइटा ट्रक अटाउँछ। खुट्टाको औंलामा टेबल राख्न मिल्छ। यो मूर्ति ९० वर्ष लगाई सन् ७१३ देखि ८०३ सम्ममा निर्माण गरिएको थियो।

हिरामान डंगोल, लगन

★ *बौध्यंग भन्नले के बुझिन्छ ?*

– बोधिज्ञान प्राप्त गर्नलाई आवश्यक ७ अंगलाई बौध्यंग भनिन्छ।

१. स्मृति २. वीर्य ३. समाधि ४. धर्म विचय
५. प्रीति ६. प्रश्राब्धि ७. उपेक्षा

काशीलाल अवाले, धर्मपथ, काठमाडौं

★ *बुद्धले गर्नु भएको महत्त्वपूर्ण भोजन कुन कुन हो ?*

– बुद्धको जीवनमा विशेष महत्त्व प्राप्त भोजन २ वटा छ।
क. बुद्धत्व प्राप्ती अघि सुजाताको खीर भोजन
ख. महापरिनिर्वाण हुनु अघि चुन्द सुनारको सुकर महव

प्रताप बज्राचार्य, इताछें भक्तपुर

★ *बुद्धजीवनीसंग सम्बन्धित ८ स्थानहरू कुन-कुन हुन् ?*

– बुद्धजीवनीसंग सम्बन्धित ती स्थानलाई अट्ठमहाठानानि भनिन्छ। ती हुन :- १. लुम्बिनी २. बुद्धगया ३. सारनाथ ४. कुशीनगर ५. श्रावस्ती ६. संकाश्य ७. राजगृह ८. वैशाली

यस अंक देखि बौद्ध धर्म, दर्शन तथा बुद्ध जीवनी सम्बन्धि पाठकहरूको प्रश्नको उत्तर दिने व्यवास्था गरेका छौं। पाठकहरूले प्रश्नहरू पठाई बुद्ध धर्म सम्बन्धि ज्ञान बढाउनु होस्।

– सम्पादक

पुस्तक परिचय

दिवंगत आचार्य भिक्षु अमृतानन्द महास्थविरद्वारा लिखित गृही विनयको तेस्रो संस्करण नेपाली भाषामा प्रकाशित भएको छ । बौद्धहरू मात्र नभै सबै गृहस्थीहरूको गृहस्थ जीवन सुखमय र सुलभ रूपले व्यतित गर्नका लागि यो पुस्तकबाट धेरै सहयोग पुग्ने छ । समाजमा सबै प्रति प्रेमभाव ल्याएमा र बोलीबचनमा संयमत रहेमा समस्याको समाधान मात्र नभै समस्याको शुरूवात नै हुने छैन । यस प्रकारका विभिन्न व्यवहारिक ज्ञानका कुराहरू समावेश रहेको यस पुस्तकको मूल्य पनि ग्राह्य नै छ ।

गृही विनय - भिक्षु अमृतानन्द महास्थविर
- अनु. केशवलाल कर्माचार्य

प्रकाशन :- आनन्दकुटी विहार गुठी मूल्य रू. २०/-

□□

यात्रा संस्मरणका प्रख्यात लेखक श्री घनश्याम राजकर्णिकारद्वारा सम्पादित यस पुस्तकमा लेखहरूलाई विभिन्न ६ विषयमा छुट्याइएका छन् । यस अन्तर्गत विभिन्न लेखकहरूको २० वटा लेखहरू समावेश गरिएका छन् । बुद्धधर्म सम्बन्धि अध्ययन शील व्यक्तिहरूलाई यो पुस्तक पठनीय तथा संग्रहणीय छ ।

बुद्धको सत्यकथा : कल्याणको कामना
- सं. घनश्याम राजकर्णिकार

प्रकाशन:- सुश्री दीपा राजकर्णिकार मूल्य रू. १७/-

□□

बुद्ध र बुद्ध धर्म प्रति आधुनिक दृष्टिबाट र विभिन्न विषय अन्तर्गत दाँजेर हेर्दा देखिने महत्त्वबारे लेखिएको छ । विभिन्न विषयका विद्वानहरूले आफ्नो-आफ्नो विषय अन्तर्गत राखेर कसरी व्याख्या भएको छ र कति महत्त्व बुझेका छन् भनेर अलग अलग परिच्छेदमा छुट्याएर राखिएको छ । अंग्रेजी भाषाको यो पुस्तक स्कूल, कलेजका आधुनिक विद्यार्थीहरूको लागि उपयुक्त देखिन्छ । छपाई र कागजको स्तर हेरेर मूल्य पनि उचित नै छ ।

Modern Interpretation of Buddhism
- Harichandra L. Singh

Publisher : Shirish Singh Price: Rs. 125.00 (US $ 6.00)

□□

नेपालमा यस्ता धेरै बौद्धहरू छन् जो आफू बौद्ध परिवारमा जन्मेको कारणले मात्र बौद्ध भन्छन् । अझ कोही कोही त आफू बौद्ध हुँ भन्ने कुरा पनि विर्सिसकेका छन् । यस प्रकारका बौद्धहरूलाई चेतना जगाउन यो पुस्तक सहायक सिद्ध होला विभिन्न विषयमा विद्वान भए पनि बुद्ध धर्म र बुद्ध सम्बन्धि साधारण ज्ञान पनि नभएकाहरू पनि धेरै छन् । विद्वानहरू तथा विद्यार्थीहरूको लागि पठनीय देखिन्छ ।

Awake ! Buddhists of Nepal
Nhuchhe Bdr. Bajracharya

Publisher : Anandakuti Vihar Trust Price. Rs 8.00

विद्यालयस्तरका विद्यार्थीहरूका लागि उपयुक्त हुने किसिमले लेखिएको यस पुस्तकमा राजकुमार सिद्धार्थको जन्म देखि बुद्धत्व प्राप्ती सम्मको घटनाक्रमलाई समावेश गरिएको छ । विभिन्न १६ पाठमा छुट्याएर हरेक पाठमा अभ्यासका लागि विभिन्न किसिमका प्रश्न राखिएको छ । नेपालको गौरवको प्रतिक बुद्धको जीवन सम्बन्धी यो पुस्तक स्कूलका विद्यार्थीका लागि पाठ्य सामाग्रीमा समावेश गरिएमा उपयुक्त देखिन्छ ।

The Story of Prince Siddhartha
- Nhuchhe Bdr. Bajracharya

Publisher : Anandakuti Vihar Trust. Price : Rs 25.00

हामीले यस किसिमबाट पुस्तक परिचय पनि प्रकाशित गर्दैलाने भएकोले लेखकवर्गले आफूले लेख्नु भएको बुद्ध दर्शन र बुद्ध सम्बन्धि पुस्तकहरू पठाइ सहायोग गर्नु होला । पाठकहरूले पनि यस्तै प्रकाशित पुस्तक, लेख सम्बन्धि टिप्पणी, समीक्षाहरू पठाएमा प्रकाशित गर्नेछौं ।

आनन्दभूमि

शान्ति गर

ले. भिक्षु अमृतानन्द

"माता" स्वदेश जनको यो त आफ्नो भाषा,
नजिकको मित्र वर हो चित्तमा सदा ।
तस्मात् हाम्रो मन पर्ने यो लोक भाषा,
सबैले यसको गर्नुपर्छ नित्य सेवा ॥
शास्त्रादि शिल्प विना कसरी सुखी हुनछ ?
द्रव्यादि मित्र विना कसरी जीउने हो ?
साहित्य विना राष्ट्र कसरी राम्रो हुन्छ ?
यी कुरा नभएमा कुन चाहिं सेवा हो ?
अन्य देशहरू पट्टकै नहेरी बस्ने,
उद्योग जीवन सबै विनासित्ति फाल्ने ।
मनुष्य समाज त्यसरी हुँदैन साँचै,
पशु समाज हो, साहित्य जीवन फाल्ने ॥
मनमा गुम्सेको सच्चा कुरा बलि दिनु,
चैतन्य रत्न उपदेश सक्नेले दिनु ।
लोक जनको मुख-कान्ति प्रकाश गर्नु,
धर्मको ज्याति उदय भयो, शान्तिगर्न ॥

अनु. दिव्यरत्न

धर्मोदय सभाको बार्षिक साधारण सभा

(२०५० र २०५१) को रिपोर्ट

धर्मोदयसभा नेपालको वार्षिक साधारण सभा (२०५० र २०५१) २०५२ श्रावण ६ गते शनिवारका दिन गोदावरी अल्मूनाइ एशोसियसन (जि.ए.ए.) हल ठमेलमा सुसम्पन्न भयो ।

पहिलो सत्रको कार्यक्रम सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीज्यूको प्रमुख आतिथ्यमा धर्मोदय सभाका अध्यक्ष भिक्षु सुदर्शन महास्थविरबाट सभापतिको आसनग्रहण ग्रहण पश्चात बज्रयानी परम्परा अनुसार फणीन्द्ररत्न बज्राचार्यबाट र महायानी परम्परानुसार लामा आङ्गबाबुबाट मंगलाचरण तथा थेरबाद परम्पराअनुसार भिक्षु अनिरूद्ध महास्थविर समक्ष त्रिशरण गमण तथा शील प्रार्थना गरी मुख्य अतिथि सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी तथा श्रम तथा स्वास्थ्य मन्त्री पद्मरत्न तुलाधरलाई बाय्ज फूलको गुच्छा तथा धर्मोदयको झण्डा इत्यादि केन्द्रका तथा शाखाका पदाधिकारीहरूबाट चढाई शुभारम्भ भयो ।

मुख्य अतिथिबाट बुद्धको प्रतिमामा फूलको गुच्छा चढाई पानसमा बत्ती बाली समुद्घाटन भए पछि स्वागत भाषण गर्नु हुँदै सभाका महासचिव श्री बिद्यामान शाक्यले अन्य धार्मिक संघ-संस्थाहरूलाई सरह धर्मोदय सभालाई पनि समान व्यवहार गरी सभाको कार्यालय भवन निर्माण गर्न जग्गा र सभाद्वारा आयोजना हुने अन्तरराष्ट्रिय स्तरको बौद्ध सम्मेलन गर्न रू ३५ लाख श्री ५ को सरकारद्वारा उपलब्ध गराउने बचन पाएमा धर्मोदय सभा आफ्नो उद्देश्य प्राप्तिमा सफल हुने बिचार व्यक्त गर्नुभयो । साथै उहाँले श्री ५ को सरकारबाट बार्षिक अनुदान र लुम्बिनी बिकास कोषमा धर्मोदय सभाको प्रतिनिधित्वको पनि माग गर्नु भयो । धर्मोदय सभाका वरिष्ठ उपाध्यक्ष लोकदर्शन बज्राचार्यले भारतको सारनाथमा स्थापना भएको यस धर्मोदय सभा नेपालको एक पुरानो धार्मिक संस्था भएको, बुद्ध धर्मका विभिन्न संघ संस्था मध्ये सबैलाई समेट्नसकेको धर्मोदय सभाको ५० बर्षको इतिहासमा सरकार प्रमुखले उद्घाटन वा सहभागिता जनाएको यो पहिलो अवसर भएको बताउनुभयो ।

मन्तव्यकै क्रममा पाँचौ राष्ट्रिय बौद्ध सम्मेलन संचालन गर्ने, धर्मोदय सभा कानूनी शाखाका सचिब श्री प्रकाशमान गुभाजुले जुन उद्देश्यले आठ बर्ष अघि राष्ट्रिय बौद्ध सम्मेलनको शुरू भरिएको थियो त्यो उद्देश्य पूरा भए नभएको त्यसको मुल्याङ्कन गर्नुपर्ने, सम्मेलन भएको जिल्लामा त्यसको सम्झना स्वरूप केहि न केहि सहयोग पुऱ्याउनु पर्ने कुरामा प्रधानमन्त्रीको ध्यानाकर्षण गर्नुभयो ।

त्यसपछि सभारोहलाई सम्बोधन गर्नु हुँदै प्रमुख अतिथि सम्माननिय प्रधानमन्त्री श्री मनमोहन अधिकारीले हाम्रो देशमा सबै धर्मावलम्बीले आ-आफ्नो धर्मको अनुशरण गर्न पाउने संवैधानिक व्यवस्था भए बमोजिम यहाँ जुन धार्मिक सहिष्णुता छ, त्यो संसारकै लागि उदाहरण बन्न सकेको बताउनुभयो ।

उहाँले बिश्वास व्यक्त गर्नुभयो - "बुद्धले दिएका उपदेशहरू अत्यन्त व्यावहारिक र समय सापेक्ष भएको हुँदा उनको शिक्षा अनुसार आचरण गऱ्यौं भने आजको सन्त्रासयुक्त परिस्थितिबाट मुक्ति पाउनसक्छौं ।" गौतम बुद्धका शिक्षाबारे बिश्वब्यापी रूपमै अध्ययन अनुसन्धान भइरहेको सन्दर्भ उल्लेख गर्नुहुँदै प्रधानमन्त्रीले भन्नुभयो - "बुद्धको जन्मभूमि भएकोले उनको योगदान प्रति हाम्रो देशमा बिशेष अध्ययन अनुसन्धान हुनुपर्छ । बुद्ध

जन्मभूमि लुम्बिनीको उचित सम्वर्धन र बिकास हुनुपर्छ ।"

वर्तमान सरकारले धर्मोदय सभा जस्ता सामाजिक धार्मिक संस्थालाई कार्यालय भवन स्थापना गर्न जग्गा उपलब्ध गराउन तयार रहेको त्यसको लागि शहरी क्षेत्र भित्र जमीन पाएमा उपलब्ध गराउने नीति रहेको र त्यसको पहलकदमी धर्मोदय सभाबाटै गर्नु पर्ने र अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन गर्न आवश्यक बजेट रकम उपलब्ध गर्न श्री ५ को सरकार समक्ष सिफारिस गर्ने कुराको आश्वासन दिनुभयो ।

सो समारोहमा सभाका अर्का उपाध्यक्ष श्री भक्तिदास श्रेष्ठले साधारण सभा सफल पार्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबै प्रति आभार प्रकट तथा धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सभाको उक्त पहिलो सत्रको अन्तमा समारोहका सभापति भिक्षु सुदर्शन महास्थविरले धर्म एक दृष्टिले बुझ्न सजिलो र अर्को दृष्टिले बुझ्न गाह्रो बिषय भएतापनि वास्तबमा यो शान्त र शुद्ध जीवनयापन गर्न सिकाउने सत्य हो, नेपाल जस्तो बहुधार्मिक राष्ट्रमा सबै धर्म प्रति सरकारले समान नीति अपनाउनु पर्ने धारणा व्यक्त गर्नुहुँदै धर्मोदय सभालाई जग्गा आर्थिक एवं अन्य सहयोग गर्न प्रधानमन्त्रीज्यूको बचन प्रति कृतज्ञता प्रकट गर्नुभएको थियो र तत्पश्चात पुण्यानुमोदन गरी प्रथम सत्रको कार्यक्रम समापन गर्नुभयो ।

धर्मोदय सभाका संस्थापक सदस्य भिक्षु महानाम "कोविद" महास्थविर, लामागुरू छेच्यु कुस्यो लामा पनि उपस्थित हुनु भएको उक्त पहिलो सत्रको कार्यक्रमको संचालन सभाका सह-सचिव श्री बुद्धरत्न बज्राचार्यबाट रिपोर्टिङ्को कार्य श्री अरूणसिद्धि तुलाधर, सुश्री रीमा बज्राचार्य र सुश्री नीलु बज्राचार्यबाट भएको थियो भने जलपानको व्यवस्था श्री धनश्याम राजकर्णिकारबाट भएको थियो ।

यस्तै, धर्मोदय सभाको साधारण सभाको दोश्रो सभा अध्यक्ष भिक्षु सुदर्शन महास्थविरको सभापतित्वमा शुरू भयो । यस सभाको स्वागत भाषण गर्नुहुँदै उपाध्यक्ष कनकमान शाक्यले इ.सं. १९४४ मा स्थापना भएको धर्मोदय सभाले १९५६ मा चौथो तथा १९८६ मा पन्ध्रौं विश्व बौद्ध सम्मेलन नेपालमा गरिसकेको, चौथो राष्ट्रिय बौद्ध सम्मेलन गरी सकेको र पाँचौं राष्ट्रिय सम्मेलन पोखरामा गर्न तयारी भइरहेको चर्चा गर्नुहुँदै सभालाई प्रभावकारी तथा व्यापक बनाउन सम्पूर्ण बौद्धहरूको सक्रिय सहभागिता आवश्यकता भएको कुरामा प्रकाश पार्नु भयो ।

स्वागत भाषण पश्चात विभिन्न जिल्ला शाखाहरूबाट पाल्नु भएका सम्पूर्ण सदस्य महानुभावहरूको परिचय र महासचिव बिद्यामान शाक्यबाट धर्मोदय सभाको २०५० र २०५१ को बार्षिक गतिविधिको प्रतिवेदन पेश गर्नुभयो ।

शाखा तर्फको गतिविधि माथि प्रकास पार्दै उहाँले वर्तमान कार्यकारिणी समितिले लुम्बिनी, स्याङ्जा बजार (सदरमुकाम), नेपालगञ्ज तथा लमजुङ्ग शाखालाई स्वीकृति प्रदान गरेको र हाल सम्म २८ शाखा कायम भएको जानकारी दिँदै उहाँले शाखाहरूले पनि केन्द्रको ढाँचामा पाय्डहरू छपाई गर्नु पर्ने तथा साइनबोर्ड राख्नुपर्ने बताउनु भयो ।

महासचिवबाट प्रतिवेदन पेश भए पछि कोषाध्यक्ष श्री लक्ष्मीदास मानन्धरबाट आर्थिक वर्ष २०४९ को लेखा परीक्षण भएको वासलात तथा आय व्ययको प्रतिवेदन प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनमा देखिएका आर्थिक अनियमितताका सम्बन्धमा उहाँले धर्मोदय सभाका भू.पू. पदाधिकारी १ (एक) जना र कर्मचारी १ (एक) जनालाई निजहरूले बक्यौता तथा अन्य रकम फछ्यौंट नगरूञ्जेल सम्मका लागि निजहरूको सदस्यता निलम्बन गरिएको जानकारी सभालाई दिनु भयो । सामान्य छलफल पश्चात उक्त आर्थिक प्रतिवेदन साधारण सभाबाट सर्वसम्मतिबाट पारित भए पछि सभाले २०५०,२०५१ र २०५२ साल

गरी ३ (तिन) सालको लेखा परीक्षण गर्न र निजको पारिश्रमिक प्रत्येक वर्ष को रू २५००/- निर्धारण गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

त्यसपछि धर्मोदय सभाका सह-कोषाध्यक्ष तथा विधान संशोधन उप समितिका संयोजक श्री सागरमान बज्राचार्यले धर्मोदय सभाको विधान-२०४३ लाई संशोधन गर्न "संशोधनको मस्यौदा प्रस्ताव" पेश गर्नु भयो ।

त्यसपछि धर्मोदयका २८शाखाहरू मध्ये १० शाखाहरूले निम्नानुसार आ-आफ्नो प्रतिवेदन तथा सुझाव पेश गरियो : -

१) बिराटनगर शाखा :

दानको रूपमा प्राप्त ६ कट्ठा जगामा चन्दाबाट केहि सम्म निर्माण भएको र नगरपालिकाबाट १,५०,०००/- अनुदान प्राप्त भएकोबाट ढलान सम्म हुने आशा गरिएको, रक्तदान, हाजिरी जवाफ, युवा बौद्ध संघको संयुक्त आयोजनामा बुद्ध जयन्ती मनाउँदै आएको, बौद्ध नाटक प्रदर्शन गरिएको । सुझावमा- बौद्ध बिहारको निमित्त आर्थिक सहयोग उपलब्ध गर्नुपर्ने, शाखाहरूलाई सक्रिय तुल्याउन केन्द्रले पहल गर्नुपर्ने र बौद्ध भ्रमणमा शाखाहरूलाई पनि मौका दिनुपर्ने, राष्ट्रिय बौद्ध सम्मेलनमा विभिन्न बौद्ध संघ संस्थाहरूलाई संस्थागत सदस्यता प्रदान गरी सहभागी बनाउनु पर्ने ।

२) कैलाली शाखा :

धनगढीमा अवस्थित लोकचक्र बुद्धविहारको निर्माण सम्पन्न र अक्षय कोषको स्थापना गरिएको, बौद्ध जागरणमा जोड दिइएको बुद्ध जयन्ती मनाएको । सुझावमा - विधाननै सबैभन्दा माथि हुने हुँदा विधानलाई सुधार गरिनुपर्ने

३) भक्तपूर शाखा :

रत्नसुन्दर शाक्यद्वारा लिखित भिक्षुत्रयी प्रकाशन तथा "ख्वपया बहाबही" नामक भिडियो क्यासेट र भिक्षु निचिदात्सु फुजीको संक्षिप्त जीवनी बिमोचन, चित्रकला प्रदर्शनी, बौद्ध स्थलहरूको सरसफाई, बुद्ध जयन्ती मनाएको, सुझावमा केन्द्रले शाखाहरूलाई सुझावको प्रवाह तुरून्त गराउनु पर्ने, शाखाहरूको सम्बन्धमा स्पष्ट व्याख्या हुनुपर्ने ।

४) धादिङ शाखा :

रू ६४,०४९/- खर्च गरी गम्बा तथा बिहार निर्माण र बुद्ध जयन्ती मनाएको । उक्त गुम्बा रहेको क्षेत्रफल १-१२-२-२ जग्गा धर्मोदय शाखा धादिङको नाउँमा दर्ता गर्न कठिनाई भइरहेको, त्यसको समाधानको लागि केन्द्रले सम्बन्धित निकायहरूमा सम्पर्क राखी समस्या निराकरण गर्न अनुरोध भएको ।

५) कास्की शाखा :

विभिन्न बौद्ध विहार तथा चैत्यमा सरसफाई, जनचेतना जगाउने अभियान संचालन, ३५ जनाको टोलीद्वारा भारतमा बौद्ध तिर्थयात्रा, रक्तदान, नि:शुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण, गा.बि.स.हरूमा धर्मदिशना, विभिन्न रचनात्मक तालिम, कर्मसिद्धि परम्परा अनुसार भएको बुद्धपूजामा सक्रिय सहभागिता बुद्ध जयन्ती र धर्मचक्र प्रवर्तन दिवस मनाइएको । सूझावमा - भ्रमण टोली तथा अन्य कार्यक्रमहरूको जानकारी शाखाहरूलाई यथासमयमा दिनु पर्ने साथै पाँचौं राष्ट्रिय बौद्ध सम्मेलन पोखरामा गराउने भएको हुँदा केन्द्रले यथा समयमा पहलकदमी गर्नुपर्ने ।

६) चितवन शाखा :

बुद्ध जयन्ती मनाएको । सुझावमा - केन्द्रले भिक्षु तथा लामा गूरूहरू धर्मप्रचार तथा प्रबचनको लागि शाखाहरूमा पठाउनु पर्ने विधान सम्बन्धि छलफल गर्दा समूहगत रूपमा गर्नु पर्ने, शाखाहरू बीच पनि छलफल गर्नुपर्ने ।

७) पाल्पा शाखा :

बुद्ध जयन्ती मनाएको, ज्ञानमाला भजन खल: स्वयम्भू काठमाडौंलाई आमन्त्रण गरी एक आपसमा सम्बन्धको अभिबृद्धि गरेको, ज्ञानमाला महाचैत्य बिहारको प्रगतिको लागि स्थायी आयको प्रयास, आगामी २०५३ मा हुने ज्ञानमाला भजनको राष्ट्रिय सम्मेलनको तयारीमा लागेको ।

८) **बुटवल शाखा :**

बुद्ध जयन्ती मनाएको, जिल्ला स्तरीय हाजिरी जवाफ बौद्ध विद्वानहरूबाट प्रवचन, बौद्ध ध्यान केन्द्र र बाचनालय स्थापना, युवा ज्ञानमाला संघद्वारा आयोजित रक्तदान कार्यक्रममा रक्तदान, कपिलवस्तुमा सम्मन्न चौंथो राष्ट्रिय बौद्ध सम्मेलन सफलताको लागि अहम् भूमिका निभाएको, केन्द्रीय बैठक र विधान मस्यौदा बैठकहरूमा उपस्थित भै विभिन्न सुझाव दिएको ।

९) **स्याङ्जा शाखा :**

जिल्लाव्यापि बौद्ध हाजिरी जवाफ प्रतियोगिता, बुद्ध जयन्ती, स्याङ्जा बजार शाखा स्थापना गर्न समर्थन तथा सिद्धार्थ गुम्बा माझकटेरीलाई संस्थागत सदस्य दिलाउन सहयोग । सुझाव - विभिन्न जनजातिहरूको भाषामा बुद्धधर्म सम्बन्धी पुस्तकहरू प्रकाशन गरी बुद्ध धर्मलाई विकास र व्यापकता गर्ने केन्द्रको सोचाई हुनुपर्ने ।

१०) **स्याङ्जा बजार शाखा :**

गुम्बा र विहार निर्माण गर्न १० रोपनी जग्गा उपलब्ध भएको, बौद्ध विद्वानहरूबाट प्रवचन, बुद्ध जयन्ती मनाएको ।

जिल्लाशाखाहरूबाट आ-आफ्नो प्रतिवेदन पेश गरिसके पछि सभाका उपाध्यक्ष श्री ओमकार प्रसाद गौचनले साधारण सभाको कार्यक्रम सफल पार्न सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भएको थियो ।

सभाको उक्त दोश्रो सत्रको अन्तमा सभापतिको आसनबाट अध्यक्ष भिक्षु सुदर्शन महास्थविरले शाखाहरूको सुझावलाई यथोचित कदर गरिने बताउँदै धर्मोदयका शाखा तथा सदस्यहरूले जहाँ सकछ त्यहाँ जति सक्छ त्यति धेरै बौद्ध चैत्यहरू स्थापना गरी बुद्धधर्मको प्रचारमा सके सम्म योगदान दिन आग्रह गर्नु भयो । साथै वहाँले हाल वितरण गरिएको मस्यौदा विधानको राम्रो अध्ययन गरी कहाँ के कस्तो संशोधन गर्नु पर्ने हो त्यसको पृष्ठ, धारा, उपधारा बूँदा समेत उल्लेख गरी २०५२ श्रावण मसान्त भित्र लिखित सूझाव पठाउन पुनः अनुरोध गरी दोश्रो सत्रको कार्यक्रम बिसर्जन गर्नुभयो ।

उक्त दोश्रो सत्रको कार्यक्रमको संचालन सभाका कार्यकारिणी सदस्य श्री सुवर्ण शाक्यबाट, रिपोर्टिङ्ग कार्य श्री बिनोद लामा र सुश्री लक्ष्मी शोभा शाक्यबाट भएको थियो भने चियापानको बन्दोबस्त रात्रीभोज गर्ने समूहबाट भएको थियो । रात्री भोजका लागि सहयोग गर्नु हुनेमा श्री छेच्यु कुश्यो लामा, श्री सानुरत्न स्थापित, श्री पद्म ज्योति, श्री लक्ष्मीदास मानन्धर, श्री टेम्बे श्रेष्ठ र श्री प्रेमसुन्दर तुलाधर हुनुहुन्थ्यो ।

प्रस्तुति - सोभियतरत्न तुलाधर

प्रार्थना

- पण्डीतरत्न बज्राचार्य

भो गुरू बुद्ध, धर्म र संघ
गर्दु वन्दना, भुक्त अर्चना,
बहुजन हितमा, बहुजन सुखमा
जीवन अर्पण गर्न सकूं म ॥

भवको ज्वाला दन्किरहेछ
तृष्णा सागर अथाह अपार,
दुर्लभ मानव जीवन पाई
अविद्यालाई टोड्न सकूं म ॥

हिंसा चोरी मिथ्याचार
झुठ र मादक छोड्न सकूं म
शील समाधि प्रज्ञापथमा
लागी जिनको शरण परूं म ॥

दुःख छ त्यसको हेतु पनि त छ
दुःख निवारण गर्न सकूं म
राग द्वेष अति मोह त्यजेर
निर्वाण मार्ग पुग्न सकूं म ॥

यस आनन्द भूमिलाई चेक तथा ड्राफ्ट पठाउँदा 'आनन्द भूमि' को नाममा पठाउनु होला ।

व्यवस्थापक

बुद्ध पूजा सम्पन्न

२०५२ आषाढ, काठमाडौं

स्वयम्भू स्थित आनन्दकुटी बिहारमा नियमित कार्यक्रम अन्तर्गत आषाढ पूर्णिमाका दिन बुद्ध पूजा सम्पन्न भयो। भिक्षु कुमार काश्यपबाट पञ्चशील प्रदान तथा बुद्ध पूजा पनि गरिएको थियो। आषाढ पूर्णिमा बुद्धको जीवन संग सम्बन्धित पांचवटा घटना परेको दिन तथा गुरूपूजाको दिन पनि थियो। सम्पूर्ण बौद्धहरूको गुरू नै बुद्ध भएको कारण बुद्धको मूर्तिलाई धूपबत्ती बालेर पूजा गर्दैमा गुरूपूजा हुँदैन साँचो अर्थमा गुरू पूजा भनेको बुद्धले दिएको शील तथा ज्ञानलाई पालना गर्नुमा नै रहेको छ भन्ने कुरा भिक्षु कुमार काश्यपले धर्मदेशनाको क्रममा बताउनु भयो। सो अवसरमा भिक्षुहरू तथा उपस्थित उपासक-उपासिकाहरूलाई भोजन गराइएको थियो।

विश्वको सर्वोच्च शिखरमा बौद्ध झण्डा फहराइयो

२०५२ श्रावण, काठमाडौं

पेशागत रूपमा विदेशीहरू संग पर्वतारोहणमा जाने ४७ वर्षीय पर्वतारोही श्री दोर्जे शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथामा इतिहासमा सर्वप्रथम बौद्ध झण्डा फहराइयो। गत वैशाख २८ गते (मइ ११) का दिन बिहान ६.४५ बजे उक्त कार्य भएको थियो। उहाँ संगै जानु भएका अर्का पर्वतारोही श्री दावा छिरिङ शेर्पाले पनि लगतै केही मिनेट पश्चात बौद्ध झण्डा फहराउनु भएको थियो। उक्त दुवै पर्वतारोहीहरू दोलखा जिल्लाका हुनुहुन्छ। *(साभार : विश्वभूमि)*

युवक बौद्ध मण्डल, नेपालको साधारण सभा

२०५२ श्रावण, ललितपुर

यही श्रावण २० गते युवक बौद्ध मण्डल नेपालको २५ औं साधारण सभा सम्पन्न भयो। मण्डलका अध्यक्ष सुचित्रमान शाक्यको सभापतित्वमा सम्पन्न उक्त सभाको उद्घाटन भिक्षु बुद्धघोष महास्थविरबाट भएको थियो। त्यसै दिन उक्त मण्डलको १४ औं कार्य समितिको निर्वाचन कार्य पनि सम्पन्न भयो। निर्वाचन परिणाम अनुसार अध्यक्षमा सुचित्रमान शाक्य, उपाध्यक्ष सानुराजा शाक्य र चन्द्रमान शाक्य, महासचिव राजेश शाक्य, कोषाध्यक्ष सुनिल बज्राचार्य, उप-कोषाध्यक्ष गोपाल महर्जन, सचिव मोहन लक्ष्मी शाक्य, प्रचार सचिव अशोकमान शाक्य, उप-प्रचार सचिव सुनिता धाख्वा त्यस्तै सदस्यमा पवित्र बहादुर बज्राचार्य, पूर्णमान शाक्य, पुष्परत्न बाराही, सुरेश बज्राचार्य, नन्द शाक्य, राजकुमार शाक्य तथा कुन्जन बज्राचार्य निर्वाचित हुनु भएको छ।

ज्ञानमाला क्यासेट विमोचन

२०५२ श्रावण, काठमाडौं

यहाँको स्वयम्भू स्वयम्भू ज्ञानमाला भजन खल:ले भिक्षु सुदर्शन महास्थविरको प्रमुख अतिथ्यमा खल:का मानार्थ सदस्य बौद्ध विद्वान भुवनलाल प्रधानद्वारा दोस्रो ज्ञानमाला क्यासेटको विमोचन संपन्न गरेको छ। खल:का का.वा. अध्यक्ष शान्तरत्न शाक्यबाट क्यासेट परिचय सहित स्वागत भाषण भएको सो अवसरमा खल:का सल्लाहकार परिषद्का सदस्य प्रा. सुवर्ण शाक्यद्वारा धन्यवाद ज्ञापन भएको थियो। सचिव कीरण कुमार जोशीद्वारा संचालित सो सभाको अन्त्यमा भू.पू. अध्यक्ष बिजुलीमान कंसाकारको परिवारबाट जलपान प्रदान गरिएको थियो।

युवक बौद्ध मण्डलको रजत जयन्ती सम्पन्न

२०५२ श्रावण, ललितपुर

युवक बौद्ध मण्डल नेपालको २५ औं रजत जयन्ती समारोह यहाँको जावलाखेल स्थित नेपाल प्रशासन प्रशिक्षण प्रतिष्ठानको हलमा सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न भयो। उक्त कार्यक्रमको सभापतित्व यु. बौ. मं. का अध्यक्ष सुचित्रमान शाक्यले गर्नु भएको थियो। स्वागत गानबाट शुरू भएको उक्त कार्यक्रममा मण्डलका मुख्य सचिव सानुराजा शाक्यले स्वागत भाषण दिनुभयो।

सम्माननीय प्रधानमन्त्री सुकुण्डामा बत्ती प्रज्वलित गर्नुका साथै शाक्यमुनि बुद्धको प्रतिमामा माल्यार्पण गरी उद्घाटन गरिएको उक्त समारोहमा "प्रज्ञा" उमंग श्रव्य नामक क्यासेट पनि विमोचन गरिएको थियो। सभामा प्र.म. कै बाहुलीबाट भू.पू. अध्यक्ष लगायत मणिमण्डप बिहारका प्रतिनिधिलाई समेत सम्मानपत्र प्रदान गरिएको थियो। यस कार्यक्रममा ल.पु.न.पा.का प्रमुख बेखारत्न शाक्यको उपस्थितिमा वर्ल्ड बुद्धिस्ट फेलोशिप अर्गनाइजेशनबाट पठाइएको शुभकामना सन्देश सुनाइएको थियो मन्तव्यको क्रममा संस्थापक अध्यक्ष पवित्रबहादुर बज्राचार्य, बरिष्ठ सल्लाहकार लोकबाहादुर शाक्य, लोक दर्शन बज्राचार्य, सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी, बिनयरत्न धाख्वा: एवं सुचित्रमान शाक्यले आ-आफ्नो मन्तव्य प्रकट गर्नु भएको थियो।

दोस्रो शत्रको रूपमा भएको अर्को गोष्ठीमा प्रा. सूर्यबहादुर शाक्यबाट कार्यपत्र प्रस्तुत गर्नुभएको र यसमा प्रा. कमलप्रकाश मल्लले टिप्पणी गर्नु भएको थियो। यसपछि लुम्बिनी हिजो र आज भन्ने विषयमा भिक्षु अश्वघोष महास्थविरबाट प्रवचन गर्नुभएको उक्त कार्यक्रमको अन्त्यमा सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

बौद्धजागरण प्रशिक्षण शिविर संपन्न

२०५२ साउन, काठे

नेपाल अधिराज्यका विभिन्न जनजातिलाई बुद्धधर्म प्रशिक्षण गरी उनीहरूको मानसिक स्तर उठाउन र उनीहरूलाई समाज र राष्ट्रको उन्नतिको लागि अभिप्रेरित गर्ने उद्देश्यले संचालन गर्दै आएको क्रममा सातौं पटकको बौद्ध जागरण ८ दिने शिविर युवा बौद्ध समूह र ध्यानकुटी बनेपाको संयुक्त आयोजनामा सम्पन्न भयो ।

श्रम तथा स्वास्थ्य मन्त्री पद्मरत्न तुलाधरको प्रमुख आतिथ्यमा भएको उद्घाटन समारोहमा श्री तुलाधरले बहुजनको हित गर्ने लक्ष्य भएको बुद्धको सन्देश देशव्यापीरूपमा फैलाई शोषित पीडित जनतालाई मुक्त गर्नुपर्ने कुरा बताउनुका साथै सरकारमा धार्मिक समानताको कुरा उठाउँदा आफूमाथि विभिन्न चुनौती आएको कुरा बताउनुभयो । सो समारोहमा मन्तव्य व्यक्त गर्दै लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु अश्वघोष महास्थविरले बुद्धधर्म प्रचारका लागि यस प्रकारको जागरण शिविर अत्यावश्यक भएको कुरा बताउनुभयो । यसैगरी धर्मोदय सभाका उपाध्यक्ष लोकदर्शन वज्राचार्यले अन्तर्राष्ट्रिय क्षेत्रको बौद्ध गतिविधि उल्लेख गर्दै सरकारको तर्फबाट धर्मप्रचारको लागि सहयोग प्राप्त हुनुपर्ने कुरा बताउनुभयो ।

युवा बौद्ध समूहका अध्यक्ष हर्षमुनिद्वारा स्वागत भाषण र सचिव त्रिरत्न मानन्धरद्वारा संचालन भएको सो समारोहमा बनेपाका नगर प्रमुख रामभक्त कोष्ठ श्रेष्ठले सभापतित्व गर्नु भएका थियो । लमजुङ, सप्तरी, गोरखा, रूपन्देही, ओखलढुंगा नौवीसेका ३८ जना सहभागीले भाग लिएको सो शिविरमा निम्न विद्वानहरूबाट निम्न विषयमा प्रशिक्षण गर्नुभएको थियो ।

भिक्षु अश्वघोष - बुद्धकालपूर्व सामाजिक परिस्थिति र बोधिसत्व सिद्धार्थ, हर्षमुनि शाक्य - बुद्धधर्म र नेवारजाति, लोकदर्शन वज्राचार्य - अन्तर्राष्ट्रिय क्षेत्रमा बौद्ध गतिविधि, शान्तरत्न शाक्य - शिविर परिचय, मीनबहादुर शाक्य - बोधिचित्त, सुवर्ण शाक्य - बुद्ध, धर्म र संघ, श्रीधर शम्शेर राणा - वज्रयान, डा. केशवमान शाक्य - दशपारमिता, त्रिरत्न मानन्धर - शील सदाचार र संगायना, गेहेन्द्रमा उदास पोखरेली - बुद्धधर्म र जनजाति, सुरेन्द्रमान शाक्य - बुद्धधर्म र विकास, न्हुछेबहादुर नकर्मी - प्रतीत्यसमुत्पाद, सुदर्शना दर्शनधारी - गृहीविनय, देवरंजित - बुद्धधर्म र पर्यावरण, अमिता धाख्वा - चतुरार्यसत्य, जीतवीर लामा - बुद्धधर्म र तामाङ जनजाति ।

शिविरको समापन समारोहमा भुवनलाल, केशवकाजी बैद्य, नवाङ किशोर लामा, बाबुरत्न तुलाधर, रतनजीव कंसाकार, अनिल स्थापित र धर्मशीला शाक्यबाट मन्तव्य व्यक्त गरिनुका साथै सभापतिको आसनबाट बनेपा उपनगरप्रमुख लोकनारायण भैलद्वारा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

धरानमा असार पूर्णिमा मनाइयो

२०५२ आषाढ, धरान

यही असार पूर्णिमाका दिन एक विशेष कार्यक्रमको आयोजना गरी धर्मचक्र प्रवर्तन दिवस वयोवृद्ध शिक्षक श्री देवलाल श्रेष्ठज्यूको प्रमुख आतिथ्यमा स्वयम्भू चैत्य महाविहार, धरानमा मनाइयो ।

सर्वप्रथम पाली - नेपालीमा चार आरक्षा भावना, पुण्यानुमोदन गरी सञ्चालित उक्त कार्यक्रममा "सम्यक शिक्षा समूह" का सचिव मोहन श्रेष्ठले आफ्नो कविता - "त्यागौं साथी यी दशकुकर्म" सुनाएर शुरू गरिएको थियो । सो दिन सम्यक्सम्बुद्धको जीवनीमा ५ वटा मुख्य घटना घटेका कारणले गर्दा असार पूर्णिमाको अति महत्वपूर्ण भएको कुरा बताउनु भयो ।

पुज्य भन्ते विशुद्धानन्दबाट केही उपासिकाहरूलाई १ घण्टा ध्यान राखी बुद्धका शिक्षापद गाथा कण्ठस्थ गर्न लगाइएकाहरू मध्येबाट ४ जना बृद्ध उपासिकाहरू - श्रीमती देवीमाया शाक्य, श्रीमती कर्ण शाक्य, श्रीमती मथुरा शाक्य र सुश्री रत्नमाया शाक्यले निरक्षर भएपनि सुनाउनु भएको थियो । सोही अवसरमा भिक्षु विशुद्धानन्दको तर्फबाट उपासिकाहरूलाई उपहार प्रदान गराइएको उक्त कार्यक्रममा सुश्री विद्या शाक्यबाट वयोवृद्ध श्री देवलाल श्रेष्ठज्यूलाई उपहार प्रदान गरिएको थियो र विहारका सक्रिय उपासिका श्रीमती गणेशकुमारी शाक्यलाई भन्तेको तर्फबाट एक जोर लुगा प्रदान गर्नु भएको थियो ।

प्र. अतिथि श्री श्रेष्ठले - आफू बृद्ध भए पनि यस पुनीत उपलक्ष्यमा आयोजित कार्यक्रममा सहभागी हुने मौका पाएकोमा खुसी व्यक्त गर्नु हुँदै विहारका सम्पूर्ण उपासक उपासिकाहरूलाई धन्यवाद व्यक्त गर्नुभयो । अध्यक्ष श्री देवीमाया शाक्यले - मिथ्यादृष्टि (गलत धारणा) विषयमा रोचक कथा सुनाउनु भई त्यस्ता गलत धारणा नहटेसम्म हाम्रो मन शुद्ध हुनेछैन भनी प्रष्ट पार्नुभयो ।

असार पूर्णिमा अर्थात गुरू पूर्णिमाको महत्त्व - बुद्धको शिक्षासंग सम्बन्धित भएकोले उक्त दिन बुद्धको स्मरण, त्रिरत्न गुणको चिन्तन मनन गरी बौद्धशिक्षालाई व्यवहारमा उतार्दै लानुपर्ने कुरामा जोड दिदै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

धनगढीमा बुद्ध जयन्ती सम्पन्न

२०५२ वैशाख, धनगढी

धनगढीमा २५३९ औं बुद्ध जयन्ती उल्लासमय वातावरणमा मनाइयो । सो अवसरमा विहान ६ बजे विश्व शान्तिका लागि शान्ति पदयात्राको आयोजना गरेको थियो । उक्त अवसरमा बुद्धमूर्ति सजाइएको रथका साथ लामा बाजा, भद्र भलादमी तथा विभिन्न २० वटा विद्यालयका छात्र छात्राहरूले पनि भाग लिएको थियो । सोही दिन बेलुका सार्वजनिक सभाको

आयोजना गरियो , धर्मोदय सभा, कैलाली शाखाका अध्यक्ष श्री प्रेमलाल तुलाधरको सभापतित्वमा सम्पन्न उक्त सभालाई प्रमुख अतिथि श्रामणेर अस्सजीतका साथै सांसद महेश्वर पाठक, नरबहादुर गुरूङ्ग, डा. शिवदत्त जोशी, रामचन्द्र अग्रवालले पनि सम्बोधन गर्नु भएको थियो , यहि अवसरमा माल्लिका, प्रियंका, सिद्धार्थ र कैलाली बहुमुखी क्याम्पसका छात्र-छात्राहरूले सांस्कृतिक कार्यक्रम तथा भिडियो प्रदर्शनी पनि गरिएका थिए । त्यस्तै स्थानिय बुद्ध बिहारको ३ कोठामा आँखा उपचार केन्द्र पनि संचालन गरिएको थियो । उक्त बिहारका दाता श्रीमती प्रेमकुमारी तुलाधरबाट सो बिहार नजिकैको १९ धुर जग्गा र सोमा लगाइएका रूख सहित आँखा उपचार केन्द्र स्थापनार्थ नेपाल नेत्रज्योति संघलाई प्रदान गरियो ।

पोखरामा बुद्ध जयन्ती सम्पन्न

२०५२ आषाढ, पोखरा

२५३९ औं बुद्ध जयन्ती विभिन्न कार्यक्रमहरूको आयोजना गरि मनाइयो । सो अनुरूप बैशाख २३ गते पुम्दी भुम्दी गा.वि.स. स्थित कालावाङ्ग (गुरूङ्ग) गाउँमा धर्मदेशना तथा नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भयो । बिहान बुद्धपूजा, पंचशील ग्रहण तथा बुद्ध वन्दनाबाट प्रारम्भ भएको उक्त कार्यक्रममा भिक्षु समुद्रबाट धर्मदेशना भएको थियो । जम्मा २३८ जना विरामीहरूलाई नि:शुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण गरिएको थियो । पोखराबाट दुइजना गुरूमा र उपासक-उपासिकाहरू गरी जम्मा ३८ जनाको सहभागीता रहेको उक्त कार्यक्रममा रू ४११८६/- खर्च भएको थाहा भएको छ । यसै क्रममा बैशाख २९ गते धर्मोदय सभा, कास्कीको आयोजनामा रक्तदान तथा रक्त परीक्षण कार्यक्रम सम्पन्न भयो । श्री महेन्द्रमान गुभाजुको संयोजकत्वमा सम्पन्न सो कार्यक्रममा ५३ जनाले रक्तदान गर्नु भएको थियो । बुद्ध जयन्तीका दिन आयोजित एक समारोहमा स्थानिय बिकास तथा आपूर्ति मन्त्री चन्द्र प्रकाश मैनालीले रक्तदान गर्ने महानुभावहरू तथा स्वास्थ्य शिविर संचालनार्थ सहयोग गर्ने चिकित्सकहरू तथा औषधी उपलब्ध गराउने महानुभावहरूलाई प्रमाण-पत्र वितरण गर्नु भयो । सोही दिन बिहान बुद्धपूजा, शीलप्रार्थना तथा बुद्धको मूर्ति सहित रथ यात्रा सम्पन्न भएको थियो ।

धर्मशीला बुद्ध बिहार, पोखरा र धर्मोदय सभा, कास्कीको संयुक्त आयोजनामा यहि आषाढ १५ र १६ गते एक तालिम कार्यक्रम सम्पन्न गरियो । जम्मा ३४ जना युवा बौद्धहरूको सहभागीता रहेको उक्त तालिम कार्यक्रममा बौद्ध संस्थाका पदाधिकारी र सदस्यहरूको लागि व्यवस्थित बैठक (Parliamentary Procedure), संस्थाको संगठन तथा सार्वजनिक भाषण (Effective Public Speaking Course) सम्बन्धमा तालिम दिइएको थियो । सो कार्यक्रमका संचालक नेपाल जेसिस जुनियरका भू.पू. अध्यक्ष श्री विक्रम शेरचनज्यूले यस किसिमका तालिमबाट युवा बौद्धहरूलाई संगठन, संस्थाहरू व्यवस्थित रूपमा संचालन गर्न तथा प्रखर वक्ताको रूपमा विकसित हुन मदत मिल्ने आशा लिनु भएको थियो ।

धरानमा परियत्ति परीक्षा सम्पन्न

२०५२ आषाढ, धरान

२०५१ माघ २८ गते सम्पन्न परियत्ति शिक्षाको परीक्षा फल यहि २०५२ जेठमा प्रकाशित भएको छ । धरान स्थित श्री स्वयम्भू चैत्य महाविहारबाट आयोजित उक्त परीक्षामा कक्षा १ देखि ४ सम्म गरी जम्मा २० जना विद्यार्थीहरू संलग्न भएका थिए । हरेक व्यक्तिलाई लगनशील, मेहनती र आत्मनिर्भर बनाउने उद्देश्य लिई संचालित उक्त कक्षालाई भिक्षु विशुद्धानन्दले विशेष सहयोग पुऱ्याउनु भएको थियो । कक्षा संचालनका लागि आवश्यक पुस्तकहरू भिक्षु बुद्धघोष महास्थविरले उपलब्ध गराउनु भएको थियो । ललितपुरबाट जानु भएका बिमल चित्रकारका साथै उक्त बिहारका उपासिकाद्वय सुश्री गंगादेवी शाक्य र सुश्री विद्या शाक्यले अध्ययन गराउन मद्दत गर्नु भएको उक्त परियत्ति कक्षाका लागि नेपाल बौद्ध परियत्ति केन्द्र, मणिमण्डप बिहारबाट प्रश्न पत्र उपलब्ध गराइएको थियो । त्यस्तै उक्त बिहारले २५३९ औं जयन्तीको अवसरमा "सम्यक गीत-माला" नामक क्यासेट निकालेको छ । भिक्षु विशुद्धानन्दको रचना र विभिन्न स्थानिय कलाकारहरूको स्वर रहेको उक्त भजन क्यासेटको उद्देश्य बुद्धको सम्यक शिक्षा र अहिंसा ज्ञानलाई संगीतको माध्यमबाट जनमानसमा पुऱ्याउनु रहेको छ ।

थारू जातिको पहिलो स्थविरवादी भिक्षु

२०५२ आषाढ, काठमाडौं

नगरमण्डप श्री कीर्ति बिहारस्थित संबेनीय उपोसथागारमा भिक्षु अनिरूद्ध महास्थविरको अपाध्यायत्वमा अशोक कीर्ति श्रावणेर उपसम्पन्न हुनुभएको छ । वहाँ यस युगमा भएका थारू जातिको पहिलो एकमात्र स्थविवादी भिक्षु हुनुहुन्छ ।

बौद्धजागरण प्रशिक्षण शिविर संपन्न

२०५२ आषाढ, काभ्रे

नेपाल अधिराज्यका विभिन्न जनजातिलाई बुद्धधर्म प्रशिक्षण गरी उनीहरूको मानसिक स्तर उठाउन र उनीहरूलाई समाज र राष्ट्रको उन्नतिको लागि अभिप्रेरित गर्ने उद्देश्यले संचालन गर्दै आएको क्रममा सातौं पटकको बौद्ध जागरण ८ दिने शिविर युवा बौद्ध समूह र ध्यानकुटी बनेपाको संयुक्त आयोजनामा सम्पन्न भयो ।

श्रम तथा स्वास्थ्य मन्त्री पद्मरत्न तुलाधरको प्रमुख आतिथ्यमा भएको उद्घाटन समारोहमा श्री तुलाधरले बहुजनको हित गर्ने लक्ष्य भएको बुद्धको सन्देश देशव्यापीरूपमा फैलाई शोषित पीडित जनतालाई मुक्त गर्नुपर्ने कुरा बताउनुका साथै सरकारमा धार्मिक समानताको कुरा उठाउँदा आफूमाथि विभिन्न चुनौती आएको कुरा बताउनुभयो । सो समारोहमा मन्तव्य व्यक्त गर्दै लुम्बिनी बिकास कोषका उपाध्यक्ष भिक्षु अश्वघोष

महास्थविरले बुद्धधर्म प्रचारका लागि यस प्रकारको जागरण शिविर अत्यावश्यक भएको कुरा बताउनुभयो। यसैगरी धर्मोदय सभाका उपाध्यक्ष लोकदर्शन बज्राचार्यले अन्तर्राष्ट्रिय क्षेत्रको बौद्ध गतिविधि उल्लेख गर्दै सरकारको तर्फबाट धर्मप्रचारको लागि सहयोग प्राप्त हुनुपर्ने कुरा बताउनुभयो।

युवा बौद्ध समूहका अध्यक्ष हर्षमुनिद्वारा स्वागत भाषण र सचिव त्रिरत्न मानन्धरद्वारा संचालन भएको सो समारोहमा बनेपाका नगर प्रमुख रामभक्त कोष श्रेष्ठले सभापतित्व गर्नु भएका थियो। लमजुङ, सप्तरी, गोरखा, रूपन्देही, ओखलढुंगा लगायतका ३८ जना सहभागीले भाग लिएको सो शिविरमा निम्न विद्वानहरूबाट निम्न विषयमा प्रशिक्षण गर्नुभएको थियो।

भिक्षु अश्वघोष - बुद्धकालपूर्व सामाजिक परिस्थिति र बोधिसत्व सिद्धार्थ, हर्षमुनि शाक्य - बुद्धधर्म र नेवारजाति, लोकदर्शन बज्राचार्य - अन्तर्राष्ट्रिय क्षेत्रमा बौद्ध गतिविधि, शान्तरत्न शाक्य - शिविर परिचय, मीनबहादुर शाक्य - बोधिचित्त, सुवर्ण शाक्य - बुद्ध, धर्म र संघ, श्रीधर शम्शेर राणा - बज्रयान, डा. केशवमान शाक्य - दशपारमिता, त्रिरत्न मानन्धर - शील सदाचार र संगायना, गेहेन्द्रमा उदास पोखरेली - बुद्धधर्म र जनजाति, सुरेन्द्रमान शाक्य - बुद्धधर्म र विकास, न्हुछेबहादुर नकर्मी - प्रतीत्यसमुत्पाद, सुदर्शना दर्शनधारी - गृहीविनय, देवरंजित - बुद्धधर्म र पर्यावरण, अमिता धाख्वा - चतुरार्यसत्य, जीतवीर लामा - बुद्धधर्म र तामाङ जनजाति।

शिविरको समापन समारोहमा भुवनलाल, केशवकाजी बैद्य, नवाङ किशोर लामा, बाबुरत्न तुलाधर, रतनजीव कंसाकार, अनिल स्थापित र धर्मशीला शाक्यबाट मन्तव्य व्यक्त गरिनुका साथै सभापतिको आसनबाट बनेपा उपनगरप्रमुख लोकनारायण भैलद्वारा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो।

२०५२ श्रावण, काठमाण्डौ

विगत १२ वर्ष देखि बुद्ध धर्मको प्रचार प्रसार गर्दै आउनु भएको युवा बौद्ध समूह विधिवत रूपमा दर्ता भएको छ। बौद्ध धर्म सम्बन्धी विभिन्न प्रशिक्षण शिविर संचालन गर्नुका साथै राजधानी वाहीरका विभिन्न जिल्लाहरूमा समेत बौद्ध गतिविधि संचालन गर्दै आउनु भएको यस संस्था जिल्ला प्रशासन कार्यालय काठमाडौंमा यहि २०५२ श्रावण ७ गतेका दिन दर्ता गरिएको थियो।

थाइलैण्डबाट भिक्षु टोली आगमन

२०५२ आषाढ, नुवाकोट

मित्रराष्ट्र थाइलैण्डबाट भिक्षु थविको नेतृत्वमा आउनु भएको १७ जना भिक्षुहरू तथा उपासक-उपासिकाहरू गरी जम्मा २२ जनाको एक टोली यही २०५२ आषाढ ८ गते नुवाकोट स्थित सुगतपुर विहारमा बस्नु भयो। भोलिपल्ट विहान थाइलैण्डबाट ल्याएको ठूलो मैनबत्ती तथा धूपबाली बुद्धपूजा भव्य रूपमा गरियो। भिक्षु सुमेघ समक्ष शीलग्रहण गरी शुरू भएको सो बुद्ध पूजाको अवसरमा उक्त टोलीको तर्फबाट विहार को छाना जिर्णोद्धारका निम्ति रू २५,९५०/- चन्दा प्रदान गर्नु भयो। त्यस्तै उत्तरगया स्थित बेत्रावती बजारमा निर्माणाधिन सुगतमुनि बुद्ध विहारमा पनि परित्राण पाठ गर्नु भएको थियो। गत वर्ष स्थापना गरिएको शिलाको बुद्ध मूर्ति चोरी भएको थाहा पाउनु भए पछि थाइलैण्डबाट ढलौटको बुद्ध मूर्ति पठाइ दिने आश्वासन दिनु भएको थियो। टोलीले रसुवा जिल्लाको कालिकास्थान गई दृश्यावलोकन गर्नु भयो। आषाढ १० गते विहान सुगतपुर विहारमा बुद्ध पूजा गरियो। सो अवसरमा भिक्षु सुमेघबाट श्रद्धा राख्नु पर्ने कुरामा जोड दिनु भयो। भगवान् गौतम बुद्धको जन्मभूमि नेपाल आई सुगतपुर विहारमा बुद्ध पूजा गर्न पाएको तथा सो विहारको दायक परिषदबाट सेवा सत्कार पाएकोमा ज्यादै खुशी लागेको कुरा सो थाई टोलीले व्यक्त गर्नु भयो। धर्मोदय सभा, नुवाकोटको तथा युवक मण्डलका अध्यक्ष प्रदीपरत्न शाक्यले विहार प्रति श्रद्धा राखी चन्दा प्रदान गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै पुण्यानुमोदन गर्नु भएको थियो।

विराटनगरमा रक्तदान कार्यक्रम

२०५२ आषाढ, विराटनगर

आषाढ पूर्णिमाको पुनित उपलक्ष्यमा युवा बौद्ध संघ, विराटनगरद्वारा रक्तदानको कार्यक्रम सम्पन्न भयो। एक समारोहका बिच प्रमुख अतिथि विराट बौद्ध समाजका का.वा. अध्यक्ष श्री मोहन प्रसाद शाक्यले रक्तदानमा सहभागीहरूलाई प्रमाण-पत्र वितरण गर्नु हुँदै समाज हित कार्यमा बौद्ध धर्मको महत्व माथि प्रकाश पार्नु भयो। बुद्ध भजन र सामुहिक बुद्ध पूजा गरी प्रारम्भ भएको उक्त समारोहमा विराट बौद्ध समाजका सचिव श्री धर्म कुमार हलुवाईले बौद्ध धर्ममा आषाढ पूर्णिमाको महत्व माथी प्रकाश पार्नुभयो। समारोहको अन्तमा युवा बौद्ध संघका संयोजक श्री मोहनकृष्ण ताम्राकारले उक्त रक्तदान कार्यक्रम सफल पार्नका लागि नगद तथा जिन्सी सामान प्रदान गरी सहयोग गर्नु हुने महानुभावहरलाई धन्यवाद ज्ञापन गर्नु हुँदै पुण्यानुमोदन गर्नु भयो। श्री ताम्राकारज्यूको संयोजकत्वमा सम्पन्न भएको उक्त रक्तदान कार्यक्रममा १९ जनाको सहभागीता रहेको थियो।

नगदेशमा धर्मचक्र प्रवर्तन दिवस

२०५२ आषाढ, भक्तपुर

आषाढ पूर्णिमाको अवसरमा नगदेश बौद्ध समूहद्वारा स्थानीय नगदेश बुद्ध विहारमा बुद्ध पूजा पश्चात् बुद्धको मूर्ति रथमा सजाई शोभा यात्राको आयोजना गरियो। ज्ञानमाला भजन खलः, नगदेश, धिमेबाजा, अनागरिकाहरूका साथै ठूलो संख्यामा उपासक उपासिकाहरूको सहभागीता रहेको थियो। सोही अवसरमा "नगदेश बौद्ध समूहको विधान" पनि प्रकाशित गरियो।

२०५२ श्रावण ६गते धर्मोदय सभाया साधारण सभा या छपुलु

ध्यानकुटी विहार, भ्वते २०५२ आषाढ २४ निसें आषाढ ३१ गते तक जूगु न्हय्गूगु बौद्ध जागरण शिविरया उद्घाटन ज्याझ्व:सं माननीय श्रम व स्वास्थ्य मन्त्रि पद्मरत्न तुलाधर पाखें सम्बोधन यानाच्वंगु ।

GURAYA STABILINE
GRANTS YOU THE POWER TO CONTROL POWER



- U.P.S. – Offline & Online
- Constant Voltage Transformer (CVT)
- Electronic Air–Conditioner Protector
- Automatic Voltage Corrector
- Electronic Air–Conditioner Protector
- Manual Voltage Regulator
- Isolation Transformer
- High Voltage Breakdown Tester
- Inverter
- Spike Supperssor/Buster

GURAYA STABILINE
When technology advances

Stabiline Systems (Nepal) Pvt. Ltd.
Phasikeva, New - Road (Near Ranjana Cinema) Kathmandu, Nepal.Tel : 223944, 226828 Fax : 977 - 1 - 220351